# नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ (प्रथम संशोधन २०७९)

# नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४
**(प्रथम संशोधन, २०७९ समेत मिलाइएको रुपमा)**

| **संशोधन** | **लागू भएको मिति** |
|---|---|
| “नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण (पहिलो संशोधन) विनियमावली, २०७९ | २०७९/०९/०५ |

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८४ को उप-दफा (१) को प्रयोजनको लागि दफा ११० को उप-दफा (२) को खण्ड (झ) ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले देहायका विनियमहरु बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) **यस विनियमावलीको** नाम “नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ **(प्रथम संशोधन २०७९)**” रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,-

(क) “ऐन” भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ सम्झनु पर्छ ।

(ख) **♣“राष्ट्र बैंक” भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ३ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।**

(ग) “समिति” भन्नाले ऐनको दफा १४ बमोजिम गठन भएको राष्ट्र बैंकको सञ्चालक समिति सम्झनु पर्छ ।

(घ) “गभर्नर” भन्नाले ऐनको दफा १५ बमोजिम नियुक्त राष्ट्र बैंकको गभर्नर सम्झनु पर्छ ।

(ङ) “डेपुटी गभर्नर” भन्नाले ऐनको दफा १६ बमोजिम नियुक्त राष्ट्र बैंकको डेपुटी गभर्नर सम्झनु पर्छ ।

(च) **♣“बैंक” भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (१) बमोजिमको बैंकिङ तथा वित्तीय कारोबार गर्न संस्थापना भएको संगठित संस्था सम्झनु पर्छ र सो शब्दले नेपालमा रहेको विदेशी बैंकको शाखा कार्यालय, नेपालमा स्थापित बैंकले नेपाल बाहिर खोलेको शाखा कार्यालय तथा सो ऐनको दफा ४९ को उपदफा (५) बमोजिम कार्य गर्ने पूर्वाधार विकास बैंक र सोको शाखा कार्यालय समेतलाई जनाउँछ ।**

(छ) “वित्तीय संस्था” भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम स्थापना भएको 'ख', 'ग', वा 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था तथा बैंकबाट वित्तीय कारोवार गर्न इजाजतपत्र प्राप्त अन्य संस्था सम्झनु पर्छ र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी वित्तीय संस्था भनी तोकिदिएको संस्था समेतलाई जनाउँछ ।

---

♣ प्रथम संशोधनद्वारा संशोधित

(ज) "विभाग" भन्नाले बैंक वा वित्तीय संस्थाको निरीक्षण तथा सुपरिवेक्षण गर्ने बैंकका सम्बन्धित विभागहरू सम्झनु पर्छ ।

(झ) "विभागीय प्रमुख" भन्नाले बैंक वा वित्तीय संस्थाको निरीक्षण तथा सुपरिवेक्षण गर्ने बैंकका सम्बन्धित विभागको प्रमुख सम्झनु पर्छ ।

(ञ) "निरीक्षण टोली" भन्नाले बैंक वा वित्तीय संस्थाको स्थलगत निरीक्षण कार्यको निमित्त विभागले खटाएको टोली सम्झनु पर्छ ।

(ट) "निरीक्षक" भन्नाले बैंक वा वित्तीय संस्थाको स्थलगत निरीक्षण कार्यको निमित्त विभागले खटाएको टोलीका सदस्य सम्झनु पर्छ र सो शब्दले राष्ट्र बैंकले सोही कार्यको लागि खटाएका विशेषज्ञ वा संस्था समेतलाई जनाउँछ ।

(ठ) "सुपरिवेक्षक" भन्नाले स्थलगत, गैर-स्थलगत लगायतका सुपरिवेक्षण एवम् प्रतिवेदन कार्यान्वयनमा संलग्न विभागका कर्मचारी सम्झनु पर्छ ।

(ड) "नियमन" भन्नाले ऐन वा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाले पालना गर्नुपर्ने भनी जारी गरेको निर्देशन, परिपत्र सम्झनु पर्छ ।

(ढ) "आदेश वा निर्देशन" भन्नाले ऐन वा प्रचलित कानून बमोजिम राष्ट्र बैंकले समय-समयमा दिएको आदेश वा निर्देशन सम्झनु पर्छ ।

(ण) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बण्ड, डिवेञ्चर, डिवेञ्चर स्टक वा सामुहिक लगानी योजना सम्बन्धी प्रमाणपत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा बण्ड सम्झनु पर्छ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनी नेपाल धितोपत्र बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय गर्न सक्ने अधिकारपत्र समेतलाई जनाउँछ ।

(त) "कार्ययोजना" भन्नाले सम्बन्धित विभागले आगामी आर्थिक वर्षमा सम्पादन गर्ने कार्यहरुको समयावधि सहितको योजना सम्झनु पर्छ ।

(थ) "जोखिम विवरण (रिस्क प्रोफाईल)" भन्नाले जोखिममा आधारित सुपरिवेक्षण लागु गरिएका बैंक वा वित्तीय संस्थाहरुको निरीक्षण तथा सुपरिवेक्षण गरी तयार गरिने अन्तरनिहित जोखिमहरु तथा तिनको व्यवस्थापनको गुणस्तर सम्बन्धी विवरण सम्झनु पर्छ ।

**(द)** [1]**"सुपरिवेक्षकीय सूचना प्रणाली" [Supervisory Information System, (SIS)] भन्नाले बैंक वा वित्तीय संस्थाले राष्ट्र बैंकमा पेस गर्नुपर्ने तथ्याङ्क वा विवरण पेस गर्ने, सो तथ्याङ्कको विश्लेषण गर्ने तथा राष्ट्र बैंकले बैंक वा वित्तीय संस्थाको स्थलगत निरीक्षण गरी सम्बन्धित बैंक वा वित्तीय संस्थामा प्रतिवेदन कार्यान्वयनको लागि पठाउने लगायतका कार्य गर्नेगरी सञ्चालनमा ल्याइएको सूचना प्रणालीलाई सम्झनु पर्छ ।**

---

[1] प्रथम संशोधनद्वारा थप गरिएको

(ध) [Y]**"आइ बि एस" [Individual Bank Supervisor, (IBS)] भन्नाले कुनै एक बैंक वा वित्तीय संस्थाको नियमित अनुगमन तथा सुपरिवेक्षण गर्न विभागबाट तोकिएको सुपरिवेक्षक सम्झनु पर्छ ।**

## परिच्छेद - २

## निरीक्षण तथा सुपरिवेक्षण कार्य प्रणाली सम्बन्धी व्यवस्था

३. **वार्षिक कार्ययोजना :** (१) [*]विभागले आगामी आर्थिक वर्षको कार्ययोजना तयार गरी **संस्थागत योजना तथा जोखिम व्यवस्थापन** विभाग मार्फत स्वीकृत गराई लागू गर्नुपर्नेछ ।

(२) विभागले वार्षिक कार्ययोजना तयार गर्दा कम्तिमा पनि देहायका विषयहरुलाई समेट्नु पर्नेछ :-

(क) समष्टिगत/लक्षित स्थलगत निरीक्षण गरिने बैंक वा वित्तीय संस्था,

(ख) गैर-स्थलगत सुपरिवेक्षण कार्य,

(ग) विभागले आर्थिक वर्षमा गर्ने अध्ययन तथा विशेष कार्यक्रमहरु,

(घ) विभागबाट सम्पादन गरिने कार्यशाला, गोष्ठी, अन्तरक्रिया, तथा अनुशिक्षण

(ङ) जनशक्ति तथा क्षमता विकास कार्यक्रम र

(च) विभागले आवश्यक देखेका अन्य बिषयहरु ।

(३) [*]विभागले कार्ययोजना अनुरूप कार्य सम्पादन भए/नभएको बारे राष्ट्र बैंकको **संस्थागत योजना तथा जोखिम व्यवस्थापन** विभागमा त्रैमासिक समीक्षा पठाउनु पर्नेछ ।

४. **कार्ययोजना सूचित गर्नुपर्ने :** विनियम ३ को उप-विनियम (१) बमोजिमको स्वीकृत कार्ययोजनालाई विभागको नीति योजना तथा विश्लेषण इकाईले सम्बन्धित इकाईहरूमा कार्यान्वयनका लागि पठाउनेछ ।

५. **निरीक्षण तथा सुपरिवेक्षणका प्रकार :** विभागले सम्बन्धित बैंक वा वित्तीय संस्थाको निरीक्षण तथा सुपरिवेक्षण देहाय बमोजिम गर्नेछ :-

**(क) स्थलगत निरीक्षणः**

(१) समष्टिगत स्थलगत निरीक्षण : विभागले बैंक वा वित्तीय संस्थामा निरीक्षण टोली पठाई बैंक वा वित्तीय संस्थाको उच्च व्यवस्थापन र अन्य व्यवस्थापकीय क्षेत्रहरु जस्तै- अन्तरनिहित जोखिम तथा जोखिम व्यवस्थापन, कोष व्यवस्थापन, आन्तरिक लेखापरीक्षण, सूचना प्रविधि, कर्जा व्यवस्थापन, निक्षेप व्यवस्थापन, वित्त व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली तथा संस्थागत सुशासन लगायतका क्षेत्रहरु समेटिने गरी समष्टिगत स्थलगत निरीक्षण कार्य गर्नेछ ।

---

[Y] प्रथम संशोधनद्वारा थप गरिएको

[*] प्रथम संशोधनद्वारा संशोधित

(२) <u>लक्षित निरीक्षण</u> : [♣]बैंक वा वित्तीय संस्थाको **समग्र** जोखिम विवरण (रिस्क प्रोफाइल) को आधारमा उच्च जोखिम देखिएका क्षेत्रहरू, **गैरस्थलगत सुपरिवेक्षण इकाई, प्रतिवेदन कार्यान्वयन इकाईबाट पहिचान भएका विषयहरू वा** विभागले मनासिब ठानेका कुनै विशेष क्षेत्र वा कारोवारका लागि विभागले लक्षित निरीक्षण कार्य गर्न सक्नेछ ।

(३) <u>विशेष निरीक्षण</u> : गैर-स्थलगत सुपरिवेक्षण, प्रतिवेदन कार्यान्वयन इकाई, सार्वजनिक सञ्चार माध्यम, विभिन्न सरकारी एवम् अन्य निकायहरुको अनुरोध/निर्देशन/आदेश, उजुरी एवम् अन्य श्रोतबाट प्राप्त जानकारीको आधारमा कुनै बैंक वा वित्तीय संस्थामा निक्षेपकर्ताको हित विपरित कार्य भइरहेको वा अनियमितता भइरहेको वा बैंक वा वित्तीय संस्था सुचारू रूपले सञ्चालन नभएको वा सर्वसाधारणलाई गलत सूचना प्रवाह गरिरहेको वा जोखिम विवरण (रिस्क प्रोफाईल) मा अप्रत्यासित परिवर्तन भएको भन्ने विभागले महसुस गरेमा त्यस्तो बैंक वा वित्तीय संस्थाको जोखिमका क्षेत्रहरु समेटी विशेष निरीक्षण कार्य गर्न सक्नेछ । यस्तो निरीक्षण आकस्मिक रुपमा पनि गर्न सकिने छ ।

(४) <u>अनुगमन निरीक्षण</u> : स्थलगत निरीक्षण तथा गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदनमा औंल्याइएका कैफियतहरुको सुधार गर्न दिईएका निर्देशनहरुको कार्यान्वयनको सम्बन्धमा बैंक वा वित्तीय संस्थाले पेश गरेको कागजात प्रति विभाग विश्वस्त हुन चाहेमा वा विभागले अनुगमन निरीक्षण आवश्यक ठानेमा बैंक वा वित्तीय संस्थामा गई वा विस्तृत विवरण वा सूचनाहरू विभागमा झिकाई अनुगमन निरीक्षण कार्य गर्न सक्नेछ ।

**(ख)** **<u>गैर-स्थलगत सुपरिवेक्षण</u>** : विभागले बैंक वा वित्तीय संस्थाहरुबाट प्राप्त सूचना, जानकारी एवम् विवरणहरुको आधारमा गैर-स्थलगत सुपरिवेक्षण गर्नेछ ।

**५(क).** [Ɣ]**सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी निरीक्षण तथा सुपरिवेक्षणको व्यवस्थाः सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी गतिविधिमा वित्तीय लगानी निवारण सम्बन्धी विषयको निरीक्षण तथा सुपरिवेक्षणको कार्य तोकिएको कार्यक्षेत्र तथा कार्य विवरणको अधिनमा रही सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखाले गर्नेछ । उक्त कार्य गर्दा महाशाखाले छुट्टै toolkit बनाई लागू गर्न सक्नेछ ।**

**६.** **<u>निरीक्षण तथा सुपरिवेक्षण सङ्गठन</u> :** (१) विभागले सम्पादन गर्ने सबै प्रकारका निरीक्षण तथा सुपरिवेक्षण कार्यहरु समेट्ने गरी विभागभित्र देहाय बमोजिमका इकाईहरू गठन गर्न सक्नेछ र विभागले यस्ता इकाईहरूलाई आवश्यकता अनुसार छुट्टै वा संयुक्त रूपमा समेत कायम गरी कार्य गर्न गराउन सक्नेछ :-

(क) स्थलगत निरीक्षण इकाई,

(ख) प्रतिवेदन कार्यान्वयन इकाई,

(ग) गैर-स्थलगत सुपरिवेक्षण इकाई,

(घ) नीति, योजना तथा विश्लेषण इकाई,

(ङ) विशेष निरीक्षण इकाई र

(च) आन्तरिक प्रशासन इकाई ।

---

[♣] प्रथम संशोधनद्वारा संशोधित

[Ɣ] प्रथम संशोधनद्वारा थप गरिएको

**(छ)** [1]**सुपरिवेक्षकीय सूचना प्रणाली इकाई**

(२) उप-विनियम (१) बमोजिम गठन गरिएका इकाईहरुमा कर्मचारीको व्यवस्थापन गर्ने कार्य विभागीय प्रमुखको हुनेछ ।

(३) स्थलगत निरीक्षण इकाईले कार्ययोजना अनुसार बैंक वा वित्तीय संस्थाको समष्टिगत स्थलगत निरीक्षण तथा आवश्यकता अनुसार लक्षित, विशेष वा अनुगमन निरीक्षण गर्नेछ ।

(४) प्रतिवेदन कार्यान्वयन इकाईले देहायका कार्यहरु गर्नेछ :-

(क) स्थलगत निरीक्षण तथा गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदनको आधारमा सम्बन्धित बैंक वा वित्तीय संस्थालाई दिईएका निर्देशनको पालना भए/नभएको अनुगमन गर्ने तथा पालना नभएको अवस्थामा आवश्यक कारवाहीको प्रक्रिया अघि बढाउने ।

(ख) निरीक्षण तथा सुपरिवेक्षण प्रतिवेदनको आधारमा सम्बन्धित बैंक वा वित्तीय संस्थासँग माग गरेको नीति, योजना, कार्यविधिको पर्याप्तता तथा कैफियत सुधार सम्बन्धमा अध्ययन गर्ने तथा आवश्यक परेमा सो सम्बन्धमा बैंक वा वित्तीय संस्थासँग छलफल गरी थप निर्देशन दिने ।

(ग) प्रतिवेदन कार्यान्वयन इकाईले बैंक वा वित्तीय संस्थाहरुको वित्तीय, व्यवस्थापकीय, पूँजी, विगतमा दिएका निर्देशन तथा सो को पालनाको अवस्था लगायत देहायका जानकारीहरुको कम्तिमा विगत पाँच वर्षको अध्यावधिक विवरणहरु तथा अभिलेख सम्बन्धित इकाईमा राख्नु पर्नेछ :-

(१) वित्तीय अवस्था देखिने परिसूचकहरु,

(२) संचालक समितिमा रहेका पदाधिकारी र हालका संचालक समितिका पदाधिकारीहरुको विस्तृत विवरण,

(३) उच्च व्यवस्थापनमा रहेका कर्मचारीहरुको विस्तृत विवरण,

(४) स्थलगत निरीक्षण र गैर-स्थलगत सुपरिवेक्षणबाट दिएका निर्देशनहरु र उक्त निर्देशनहरुको पालनाको अवस्था,

(५) जोखिम भारित सम्पत्ति र उक्त सम्पत्तिमा सुपरिवेक्षकीय समायोजन,

(६) राष्ट्र बैंकले जारी गरेको नियमन, आदेश वा निर्देशनको परिपालना भए/नभएको अद्यावधिक विवरण । सो नभएको अवस्थामा राष्ट्र बैंकबाट दिएको निर्देशन तथा सो को कार्यान्वयनको अवस्था,

(७) स्थलगत निरीक्षण तथा गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदन,

८) सम्बन्धित बैंक वा वित्तीय संस्थालाई दिईएका निर्देशनको पालना भए/नभएको अनुगमन गर्न प्रतिवेदन कार्यान्वयन इकाईले सम्पादन गरेका कार्यहरु,

(९) लक्षित, विशेष वा अनुगमन निरीक्षण भएको भए सो सम्बन्धी निरीक्षण प्रतिवेदन, दिईएका निर्देशनहरु तथा सो को पालना भए/नभएको अवस्था,

---

[1] प्रथम संशोधनद्वारा थप गरिएको

(१०) सम्बन्धित बैंक वा वित्तीय संस्थाहरुले तयार गरी कार्यान्वयनमा ल्याएका सबै नीति, कार्यनीति, मार्गदर्शन आदिको विवरण र सो को अद्यावधिक प्रतिलिपि एवम् सोको विद्युतीय प्रति,

(११) सम्बन्धित बैंक वा वित्तीय संस्था तथा त्यस्ता संस्थाका पदाधिकारीहरुलाई कारवाही भएको भए सो को अद्यावधिक विवरण, र

(१२) विभागले तोकेका तथा आवश्यक ठानेका अन्य विवरणहरु ।

(घ) प्रतिवेदन कार्यान्वयन इकाईले खण्ड (ग) बमोजिमका विवरणहरुमा एकरुपता कायम गर्नका लागि आवश्यकता अनुसार नीति योजना तथा विश्लेषण इकाईसँग समन्वय गर्नुपर्नेछ ।

(४क) [1]**बैंक सुपरिवेक्षण विभागमा रहने सुपरिवेक्षकीय सूचना प्रणाली इकाइले देहायका कार्यहरू गर्नेछ :-**

**(क) सुपरिवेक्षकीय सूचना प्रणालीमा विकास गरिएका मोड्युलहरूमा आवश्यकता बमोजिम थप प्रतिवेदनहरू तयार गर्ने तथा भविष्यमा थपहुने अन्य मोड्युलहरूको जानकारी राखी उक्त प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।**

**(ख) सुपरिवेक्षकीय सूचना प्रणाली कार्यान्वयनका क्रममा आउने समस्या, चासो, सोधपुछ आदि उपर आवश्यकता अनुसार सफ्टवयेर आपूर्तिकर्ता कम्पनी समेतको समन्वयमा यथाशीघ्र समस्या समाधानको पहल गर्ने ।**

**(ग) सुपरिवेक्षकीय सूचना प्रणालीको सन्दर्भमा सम्पर्क इकाइको रूपमा कार्य गर्ने ।**

**(घ) सुपरिवेक्षकीय सूचना प्रणालीको प्रभावकारी सञ्चालनका लागि आवश्यकता अनुरुपका अन्य कार्य गर्ने ।**

(५) [♣]गैर-स्थलगत सुपरिवेक्षण इकाईले सम्बन्धित बैंक वा वित्तीय संस्थाबाट प्राप्त वित्तीय विवरण एवम् सूचनाको आधारमा **दैनिक, साप्ताहिक, मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रूपमा नियमित अनुगमन गर्ने, सोका आधारमा** वित्तीय विश्लेषण गर्ने र प्रचलित कानुन तथा राष्ट्र बैंकले दिएका निर्देशन पालना भए/नभएको परीक्षण गर्नेछ । सो इकाइले बैंकहरूबाट मागिएका वा पेस हुन आएका तरलता लगायत अन्य विवरणको सुक्ष्म अध्ययन र विश्लेषण गर्ने, **एसआइएस सम्बन्धी तोकिएको प्रकृया बमोजिमको कार्य गर्ने,** विभिन्न तथ्याङ्क तथा मान्यताको आधारमा बैंक वा वित्तीय संस्थाहरूको दबाब परीक्षण (स्ट्रेस टेस्टिंग) गर्ने/गर्न लगाउने, अध्ययन र परीक्षणको निष्कर्ष सम्बन्धित इकाई, निकाय वा पदाधिकारीहरूलाई जानकारी गराउने जस्ता कार्य गर्नेछ ।

(६) [♣]नीति योजना तथा विश्लेषण इकाईले विभागीय कार्ययोजना तर्जुमा गर्ने, **कार्ययोजना अनुरूप स्थलगत निरीक्षणको त्रैमासिक योजना तयार गर्ने,** निरीक्षण तथा सुपरिवेक्षणसँग सम्बन्धित

[1] प्रथम संशोधनद्वारा थप गरिएको

[♣] प्रथम संशोधनद्वारा संशोधित

राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय विषयवस्तुहरूको अध्ययन गर्ने, विभिन्न विभागहरूबाट राय एवम् सुझाव माग गरिएका विषय वस्तुउपर विभागीय रायको मस्यौदा तयार गर्ने, **विभागको जोखिम अधिकृतको रुपमा कार्य गर्ने,** विभागको काम कारवाहीको त्रैमासिक तथा वार्षिक प्रतिवेदन तयार गर्ने तथा विभागीय प्रमुखले तोकेका अन्य कार्यहरू सम्पादन गर्नेछ ।

(७) ♣आन्तरिक प्रशासन इकाईले विभागका कर्मचारीहरूको अभिलेख, सरुवा, बढुवा, बिदा सम्बन्धी अभिलेख, हाजिरी, भ्रमण व्यवस्था सम्बन्धी कार्य, **वार्षिक कार्ययोजना अन्तर्गत सम्पादन गर्नुपर्ने विभागीय सेमिनार एवम् गोष्ठी आयोजना सम्पन्न गर्ने कार्य, वार्षिक कार्य योजनाको त्रैमासिक प्रगति विवरण तयार गर्ने कार्य,** विभागीय पुस्तकालय सञ्चालन, विभागीय कर्मचारी बैठक व्यवस्थापन, कार्यालय व्यवस्थापन एवम् विभागीय प्रमुखले तोकेका अन्य कार्यहरू सम्पादन गर्नेछ ।

(८) विभागीय प्रमुखले उप-विनियम (१) बमोजिम गठित इकाईहरू बीच समन्वय कायम गराई आवश्यकता अनुसार काम गराउनु पर्नेछ। साथै उपत्यका बाहिर अवस्थित  बैंक वा वित्तीय संस्थाहरुको निरीक्षण तथा सुपरिवेक्षणका लागि आवश्यकतानुसार बैकको उपत्यका बाहिरका कार्यालयबाट आवश्यक सहयोग समेत लिन सक्नेछ ।

(९) विभागीय प्रमुखले प्रतिवेदनको गुणस्तर एवम् एकरुपता कायम गर्न आन्तरिक रुपमा प्रतिवेदनको पुनरावलोकन गर्ने आवश्यक व्यवस्था मिलाउनेछ ।

(१०) सबै कर्मचारीले विभागीय काम सिक्ने र सम्पादन गर्नसक्ने वातावरण तयार गर्न र विभागीय कामको गुणस्तर बढाउन विभागीय प्रमुखले आवश्यकतानुसार आन्तरिक सरूवा गर्न सक्नेछ ।

## परिच्छेद - ३

## निरीक्षक तथा सुपरिवेक्षकको आचारसंहिता, उत्तरदायित्व, कर्तव्य एवम् सुरक्षा सम्बन्धी व्यवस्था

७. **निरीक्षक तथा सुपरिवेक्षकको आचारसंहिता** : प्रत्येक निरीक्षक तथा सुपरिवेक्षकले देहाय बमोजिमको आचारसंहिता पालना गर्नु पर्नेछ :-

(क) निरीक्षण तथा सुपरिवेक्षणसँग सम्बन्धित कर्मचारीहरुले उच्च निष्ठा एवम् उच्च मनोवल सहित स्वतन्त्र रुपमा आफ्नो कार्य सम्पादन गर्नु पर्नेछ । ऐन, प्रचलित कानून, नियमन, आदेश तथा निर्देशन पालना गराउने सन्दर्भमा निरीक्षक वा सुपरिवेक्षक दृढ हुनु पर्नेछ ।

(ख) निरीक्षक वा सुपरिवेक्षकले निरीक्षण गरिने  बैंक वा वित्तीय संस्थासँग उच्च व्यवसायिक तथा शिष्ट व्यवहार गर्नु पर्नेछ । निरीक्षण तथा सुपरिवेक्षण गरिएको संस्थाका ग्राहकहरुसँग सम्पर्क गर्दा संस्थाको पदाधिकारीको उपस्थितिमा गर्नु पर्नेछ ।

(ग) निरीक्षक वा सुपरिवेक्षकले बैंकबाट ईजाजतपत्रप्राप्त संस्थाहरुको धितोपत्रहरु दोश्रो बजार मार्फत खरिद गर्नु हुँदैन ।

(घ) निरीक्षक वा सुपरिवेक्षक स्वयम् वा निजको एकाघर परिवारको सदस्यले राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त कुनै  बैंक वा वित्तीय संस्थामा आफ्नो संस्थापक वा एक प्रतिशत वा सोभन्दा बढी शेयर लगानी गरेको भए वा सो संस्थाको सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा उच्च

♣ प्रथम संशोधनद्वारा संशोधित

पदाधिकारी आफ्नो एकाघर परिवार वा व्यवसायको साझेदार रहेको भए सोको जानकारी विभागीय प्रमुख समक्ष लिखितरूपमा पेश गर्नु पर्नेछ ।

(ङ) निरीक्षक वा सुपरिवेक्षकले उच्च नैतिक चरित्र कायम गर्दै लक्ष्य उन्मुख रही व्यक्तिगत हित संलग्न हुने सवै प्रकारका अवस्थाहरूबाट टाढा रहनु पर्नेछ । निरीक्षण तथा सुपरिवेक्षण गरिने संस्थाद्वारा आयोजित सार्वजनिक कार्यक्रम वाहेकका पार्टी, भोज आदिमा सरिक हुनु हुँदैन ।

(च) निरीक्षक वा सुपरिवेक्षकले निरीक्षणको सिलसिलामा सम्बन्धित बैंक वा वित्तीय संस्थाको व्यवस्थापन सम्बन्धमा प्रश्न उठाउन, समालोचना गर्न वा सुझाव दिन सक्नेछ । निरीक्षण तथा सुपरिवेक्षणको सिलसिलामा उपलब्ध सूचना तथा विवरणहरु सम्बन्धित पदाधिकारी र अख्तियारवाला संस्थाहरु बाहेक अन्यत्र प्रवाह गर्नु हुदैन । जोखिम विवरण (रिस्क प्रोफाइल), क्यामेल्स रेटिङ्ग, सुपरिवेक्षकीय रेटिङ्ग र सुपरिवेक्षणको निष्कर्षलाई सुपरिवेक्षकीय प्रयोजनमा मात्र प्रयोग गर्नु पर्नेछ ।

(छ) बैंक वा वित्तीय संस्थाका क्रियाकलापलाई व्यवस्थापन गर्ने प्राथमिक दायित्व सम्बन्धित बैंक वा वित्तीय संस्थाको हो भन्ने कुरा निरीक्षक वा सुपरिवेक्षकले सदैव मनन् गर्नु पर्नेछ ।

(ज) निरीक्षक वा सुपरिवेक्षकले डर, त्रास, धाक, धम्की, लोभ, लालच, प्रतिशोध, आस्था, मोलाहिजा आदिमा नपरी स्वतन्त्र र निर्भिकरूपले आफ्नो कर्तव्य निर्वाह गर्नु पर्नेछ ।

(झ) निरीक्षक वा सुपरिवेक्षकले आफ्नो निजी काम तथा स्वार्थको लागि बैंक वा वित्तीय संस्थाको सवारी साधन प्रयोग गर्न, बैंकिङ्ग सेवामा व्यक्तिगत लाभ हुने गरी सुविधा माग गर्न र कुनै पनि प्रकारका उपहारहरु लिनु हुँदैन ।

८. **<u>विभागीय कारवाही हुन सक्ने</u> :** (१) विनियम ७ बमोजिम उल्लेखित आचारसंहिताको पालना गर्नु सम्बन्धित निरीक्षक वा सुपरिवेक्षकको कर्तव्य हुनेछ ।

(२) निरीक्षण प्रतिवेदन तयार गर्दा वा सो सँग सम्बन्धित कुनै पनि विवरण तयार पार्दा ऐन, प्रचलित कानून, नियमन, आदेश तथा निर्देशनको अधिनमा रही कार्य गर्नु सम्बन्धित निरीक्षक वा सुपरिवेक्षकको कर्तव्य हुनेछ ।

(३) उप-विनियम (१) र (२) बमोजिमका प्रावधानहरु पालना नगर्ने निरीक्षक वा सुपरिवेक्षकलाई नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ को विनियम १४४ वा विनियम १४५ बमोजिम विभागीय कारवाही गरिनेछ ।

९. **<u>निरीक्षक तथा सुपरिवेक्षकको उत्तरदायित्व</u> :** निरीक्षक तथा सुपरिवेक्षकले यस विनियमावली बमोजिम बैंक वा वित्तीय संस्थाको निरीक्षण एवम् सुपरिवेक्षण निर्धारित समयभित्र सम्पादन गरी निर्धारित समयभित्रै विभागीय प्रमुख समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१०. **<u>निरीक्षण तथा सुपरिवेक्षण गर्दा निरीक्षक तथा सुपरिवेक्षकले अवलम्बन गर्नुपर्ने मापदण्ड</u> :** (१) निरीक्षक तथा सुपरिवेक्षकले बैंक वा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून, नियम, बैंक वा वित्तीय संस्थाको काम कर्तव्य, कर्जा लगानी, बैंकिङ्ग कारोवारमा अन्तरनिहित जोखिम तथा तिनको व्यवस्थापन, कोष व्यवस्थापन नीति, निक्षेप सम्बन्धी नियमका साथै व्यवस्थापन एवम् सङ्गठन आदि विषयहरूको समुचित जानकारी राख्नु पर्नेछ । साथै, निरीक्षक तथा सुपरिवेक्षकले राष्ट्र बैंकबाट जारी भएको नियमन, आदेश तथा निर्देशनमा रहेका प्रावधान समेतका आधारमा निरीक्षण तथा सुपरिवेक्षणका कार्यहरु गर्नु पर्नेछ ।

(२) निरीक्षक तथा सुपरिवेक्षकले निरीक्षण गरिने कार्यालयको दैनिक काम कारवाहीमा सकभर वाधा नपर्ने गरी आवश्यक विवरण तथा कागजात माग गर्नु पर्नेछ ।

(३) उजुरी परेका विषय उपर निरीक्षण तथा सुपरिवेक्षण गर्दा निरीक्षक वा सुपरिवेक्षकले विवेक पुऱ्याएर कुशलताका साथ कार्य सम्पादन गर्नु पर्नेछ ।

(४) निरीक्षण तथा सुपरिवेक्षण गर्दा कुनै त्रुटी देखिन आएमा सो त्रुटी एकिन भएपछि मात्र सुधारको लागि सम्बन्धित बैंक वा वित्तीय संस्थालाई निर्देशन दिनु पर्नेछ ।

(५) टोली प्रमुखले टोली सदस्य बीच सामञ्जस्यता कायम गरी सामुहिक ढंगले निरीक्षण कार्य सम्पादन गर्नु पर्नेछ ।

(६) टोली सदस्यले टोली प्रमुखद्वारा सुम्पिएको निरीक्षण सम्बन्धी कार्य र जिम्मेवारी लगनशीलता तथा इमान्दारीपूर्वक सम्पन्न गर्नु पर्नेछ ।

(७) टोली सदस्यले आफूले सम्पादन गर्ने निरीक्षण कार्यसँग सम्बन्धित विषयमा बैंक वा वित्तीय संस्थाका कर्मचारीसँग सोधपुछ गरी आवश्यक जानकारी लिन सक्नेछ ।

तर, बैंक वा वित्तीय संस्थाको व्यवस्थापनसँग छलफल गर्नु परेमा टोली प्रमुख मार्फत गर्नु पर्नेछ ।

(८) निरीक्षण वा सुपरिवेक्षणको क्रममा कुनै सम्वेदनशील विषय देखिएमा टोली प्रमुखले सो निरीक्षणसँग सम्बन्धित निर्देशक मार्फत विभागीय प्रमुखलाई तत्कालै मौखिक वा लिखितरुपमा जानकारी गराउनु पर्नेछ ।

(९) निरीक्षक तथा सुपरिवेक्षकले प्रतिवेदनमा उल्लेख गरेका विषयवस्तु बाहेकका सूचना तथा जानकारीहरुमा समेत गोपनियता कायम गर्नु पर्नेछ ।

**११.** **<u>निरीक्षण तथा सुपरिवेक्षणमा संलग्न कर्मचारीको सुरक्षा</u>** : (१) निरीक्षण तथा सुपरिवेक्षणसँग सम्बन्धित कर्मचारीहरुलाई कर्तव्य पालनाको सिलसिलामा कुनै पनि प्रकारको डर, त्रास, धाक, धम्की, लोभ, लालच, मोलाहिजाको अवस्था आइपरेमा सम्बन्धित निर्देशक मार्फत विभागीय प्रमुख समक्ष जानकारी गराउनु पर्नेछ ।

(२) निरीक्षण तथा सुपरिवेक्षणका क्रममा आईपर्ने कर्मचारीको सुरक्षा जोखिम सम्बन्धमा सम्बन्धित कर्मचारीबाट जानकारी प्राप्त भएपछि विभागीय प्रमुखले सुरक्षाको व्यवस्थाका लागि गभर्नरको स्वीकृति लिई सुरक्षा निकायको सहयोगका लागि लेखी पठाउन सक्नेछ ।

(३) निरीक्षण तथा सुपरिवेक्षणका क्रममा सुरक्षा सम्बन्धी जोखिम उत्पन्न हुने भएमा विभागीय प्रमुखले सम्बन्धित कर्मचारीलाई सो कार्य सम्पन्न नहुँदै त्यस्तो कार्यबाट फिर्ता बोलाउन सक्नेछ ।

(४) निरीक्षण तथा सुपरिवेक्षणमा संलग्न कर्मचारीले कर्तव्य पालनाको क्रममा सुपरिवेक्षकीय दायित्व निर्वाह गर्दा असल मनसायले गरेको कार्यको प्रतिरक्षा राष्ट्र बैंकले गर्नेछ तथा सोबाट उत्पन्न हुने कुनै पनि प्रकारको कानुनी दायित्व निजले व्यक्तिगत रुपमा व्यहोर्नु पर्ने छैन ।

(५) बैंक वा वित्तीय संस्थाले पेश गरेका सूचना, तथ्याङ्क, विवरण, प्रतिवेदन तथा कागजातहरु सही, यथार्थपरक एवम् वास्तविक नभई फरक पर्न गएमा गलत सूचना सम्प्रेषणका कारण उत्पन्न हुने जोखिम प्रति निरीक्षक तथा सुपरिवेक्षक जवाफदेही हुने छैन ।

(६) कर्मचारी सुरक्षाका लागि विभागले पर्याप्त सतर्कता अपनाउने छ। कुनै पनि कर्मचारीलाई कर्तव्य पालनाका क्रममा व्यक्तिगत रुपमा असुरक्षित हुने अवस्था सिर्जना हुन नदिन विभागले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

## परिच्छेद - ४

## स्थलगत निरीक्षण सम्बन्धी व्यवस्था

१२. **स्थलगत निरीक्षण कार्यविधि (म्यानुअल) बमोजिम निरीक्षण गर्नुपर्ने :** *राष्ट्र बैंकले बैंक वा वित्तीय संस्थाको स्थलगत निरीक्षण गर्दा **स्वीकृत** स्थलगत निरीक्षण कार्यविधि (अन साइट म्यानुअल) बमोजिम गर्नुपर्नेछ।

१३. **स्थलगत निरीक्षण गर्नुअघि पूर्वतयारी गर्नुपर्ने :** (१) बैंक वा वित्तीय संस्थाको स्थलगत निरीक्षणका लागि निरीक्षण टोली गठन गर्दा निरीक्षणको कार्य सम्पादनको लागि आवश्यक पर्ने कर्मचारीहरू रहने गरी टोली बनाउनु पर्नेछ।

(२) विभागले समष्टिगत स्थलगत निरीक्षण गर्नुपूर्व सम्बन्धित बैंक वा राष्ट्रिय स्तरको "ख" वर्गको वित्तीय संस्थाहरुमा सामान्यतया पन्ध्र दिन अगावै निरीक्षणको लागि आवश्यक पर्ने कागजातहरुको सूची सहित लेखी पठाउनु पर्नेछ। तर लक्षित, विशेष तथा अनुगमन स्थलगत निरीक्षणको हकमा भने पूर्व तयारीको समय विभागले तय गर्न वा नगर्न सक्नेछ।

(३) समष्टिगत स्थलगत निरीक्षण गर्नु पूर्व निरीक्षण टोलीले सम्बन्धित बैंक वा वित्तीय संस्थाको पछिल्लो तीन वर्षको निरीक्षण प्रतिवेदन, सो को कार्यान्वयन स्थिति, प्रतिवेदन कार्यान्वयन इकाईको प्रतिवेदन तथा गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदन लगायत आवश्यक सूचना संकलन गर्नु पर्नेछ।

(४) जोखिममा आधारित स्थलगत निरीक्षण गर्नु पूर्व निरीक्षण टोलीले निरीक्षण गर्ने संस्थाको अद्यावधिक जोखिम विवरण (रिस्क प्रोफाईल) अनुसार संस्थाको जोखिमयुक्त क्षेत्रहरु पहिचान गरी जोखिमयुक्त क्षेत्रहरुको विश्लेषण गरेर निरीक्षणको कार्य क्षेत्र तथा सीमा निर्धारण गर्नु पर्नेछ र सो को लागि लाग्ने समय, प्रत्येक निरीक्षकको जिम्मेवारी लगायतका विषयहरु समेटी विभागले तोकेको ढांचामा निरीक्षणको कार्य क्षेत्र (स्कोप मेमोरेण्डम) तयार गरी विभागीय प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ।

(५) समष्टिगत स्थलगत र लक्षित निरीक्षणमा जानुपूर्व विभागले सामान्यतया सात दिन अघि निरीक्षण टोलीका प्रमुख तथा सदस्यहरुको नाम समावेश गरी निरीक्षण शुरु हुने दिन तोकेर सम्बन्धित बैंक वा वित्तीय संस्थामा पत्र पठाउनु पर्नेछ।

१४. **समष्टिगत स्थलगत निरीक्षण :** (१) विभागले कार्ययोजना अन्तर्गत रही बैंक वा वित्तीय संस्थाको समष्टिगत स्थलगत निरीक्षण गर्नेछ। तर, दुई समष्टिगत स्थलगत निरीक्षण अवधि बीचको अन्तर दुई वर्ष भन्दा बढी हुने छैन।

(२) समष्टिगत स्थलगत निरीक्षण गर्दा बैंक वा वित्तीय संस्थाको व्यवसायमा अन्तरनिहित विभिन्न प्रकारका जोखिम न्यूनिकरण गर्न संस्थामा प्रयुक्त प्रणाली पर्याप्त भए नभएको हेर्नु पर्नेछ।

(३) समष्टिगत स्थलगत निरीक्षणभित्र सामान्यतया देहायका विषयवस्तुहरू समावेश गर्नु पर्नेछ :-

* प्रथम संशोधनद्वारा संशोधित

(क) सञ्चालक समितिको गठन र बैठकका निर्णयहरु,

(ख) रणनैतिक कार्ययोजना,

(ग) व्यवसायिक कार्ययोजना,

(घ) आन्तरिक नियन्त्रण प्रणाली,

(ङ) पुँजी योजना तथा पुँजीकोष पर्याप्तता,

(च) कोष एवम् सम्पत्ति तथा दायित्व व्यवस्थापन,

(छ) कर्जा प्रशासन, नीति, निर्देशिका, सम्पतिको गुणस्तर तथा कर्जा जोखिम व्यवस्थापन,

(ज) तरलता, बजार, ब्याजदर तथा संचालन जोखिम व्यवस्थापन,

(झ) विदेशी विनिमय कारोवार तथा विदेशी विनिमय जोखिम व्यवस्थापन,

(ञ) समग्र जोखिम व्यवस्थापन,

(ट) वासलात बाहिरका कारोवारहरूको स्थिति,

(ठ) व्यवस्थापन सूचना प्रणाली, अभिलेख प्रणाली र सुरक्षा,

(ड) मानव संशाधन व्यवस्थापन,

(ढ) सम्पत्ति शुद्धीकरण निवारण कानून र निर्देशनको कार्यान्वयन अवस्था,

(ण) सम्बन्धित बैंक वा वित्तीय संस्थाहरुले तयार गरी कार्यान्वयनमा ल्याएका सबै नीति, कार्यविधि, मार्गदर्शन (म्यानुअल, गाईडलाईन) आदिको विवरण र सो को अध्यावधिक अवस्था,

(त) प्रचलित कानुन तथा राष्ट्र बैंकबाट जारी गरिएका नियमन, आदेश तथा निर्देशनको अनुपालनाको अवस्था र

(थ) विभागले तोकेका तथा आवश्यक ठानेको अन्य विषय तथा क्षेत्रहरु ।

**१५. शाखा निरीक्षण** : (१) समष्टिगत निरीक्षणको क्रममा बैंक वा वित्तीय संस्थाको निरीक्षण गर्नुपर्ने शाखाहरुको छनौट सम्बन्धित निर्देशकको समन्वयमा निरीक्षण टोलीले गर्नेछ ।

(२) उप-विनियम (१) बमोजिम शाखाको छनौट गर्दा सामान्यतया शाखाको कर्जा कारोवार तथा जोखिमको अवस्थालाई आधार बनाउनु पर्नेछ ।

(३) शाखाको निरीक्षणबाट देखिएका कैफियतहरूलाई समेत समष्टिगत स्थलगत निरीक्षण प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

(४) विभागीय प्रमुखले आवश्यक ठानेमा बैंक वा वित्तीय संस्थाका शाखाहरूको लक्षित, विशेष, अनुगमन तथा स्थलगत निरीक्षण गराउन सक्नेछ ।

**१६. परियोजना निरीक्षण गर्नसक्ने** : (१) स्थलगत निरीक्षणको क्रममा निरीक्षण टोलीले आवश्यकतानुसार सम्बन्धित बैंक वा वित्तीय संस्थाका ऋणीहरुको परियोजना निरीक्षण गर्न सक्नेछ ।

(२) उप-विनियम (१) बमोजिम परियोजना निरीक्षण गर्दा देखिएका कैफियतहरू समेत प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ । साथै, यसरी निरीक्षण गरिएका परियोजनाको विवरण विभागले तोके बमोजिमको ढाँचामा तयार गरी निरीक्षण प्रतिवेदनको छुट्टै अनुसूचीमा समेत देखाउनु पर्नेछ ।

**१७. निरीक्षण टोली :** (१) विभागीय प्रमुखले स्थलगत निरीक्षण गर्न सम्बन्धित बैंक वा वित्तीय संस्थामा सामान्यतया विभागको उप-निर्देशक टोली प्रमुख रहने गरी निरीक्षण टोली खटाउन सक्नेछ । स्थलगत निरीक्षणमा खटिएका निरीक्षण टोलीले गर्ने कार्यको अनुगमन तथा मार्गदर्शन विभागले तोकेको निर्देशकले गर्नेछ ।

(२) उप-विनियम (१) बमोजिमको निरीक्षण टोलीमा बैंक वा वित्तीय संस्थाको कारोवार हेरी आवश्यकतानुसार निरीक्षक रहन सक्ने छन् । उक्त टोलीमा आवश्यकता अनुसार अन्य विभाग/महाशाखा वा इकाईका प्रतिनिधी समेत विशेषज्ञका रुपमा रहन सक्ने छन् ।

(३) निरीक्षण टोलीका सदस्य बीच कार्य विभाजन गर्ने उत्तरदायित्व टोली प्रमुखको हुनेछ ।

(४) टोली प्रमुखले निरीक्षणको सिलसिलामा सम्बन्धित बैंक वा वित्तीय संस्थासँग माग गरेका सम्पूर्ण कागजातको समुचित व्यवस्थापन गर्नु/गराउनु पर्नेछ ।

(५) निरीक्षणको सिलसिलामा टोलीका सदस्यले प्राप्त गरेका तथ्य, कैफियत एवम् अन्य सम्बन्धित विषय टोली प्रमुख समक्ष पेश गर्नु पर्नेछ । टोली प्रमुखले टोलीसँग आवश्यक सल्लाह गरी त्यस्ता विषयलाई प्रतिवेदनको अंशको रूपमा राख्ने सहमति दिएपछि ती विषय प्रतिवेदनमा समावेश गरिने छन् ।

(६) निरीक्षणको सिलसिलामा बैंक वा वित्तीय संस्थालाई तत्कालै कुनै निर्देशन दिनुपर्ने भएमा टोली प्रमुखले लिखित निर्देशन दिन सक्नेछ । यसरी दिइएको निर्देशनको जानकारी टोली प्रमुखले मौखिक वा लिखित रुपमा सम्बन्धित निर्देशक मार्फत विभागीय प्रमुखलाई यथाशीघ्र गराउनु पर्नेछ ।

(७) उप-विनियम (६) बमोजिम दिइएको निर्देशनलाई विषयको गाम्भिरता हेरी विभागीय प्रमुखले डेपुटी गभर्नर तथा गभर्नरलाई जानकारी दिनु पर्नेछ ।

**१८. कर्जा फाइल छनौट :** (१) स्थलगत निरीक्षण कार्यविधिमा उल्लिखित विधि एवम् प्रक्रिया अन्तर्गत रही निरीक्षण टोलीले कर्जा फाइल छनौट गर्नु पर्नेछ ।

(२) उप-विनियम (१) बमोजिम छनोट गरिएका फाइलहरुबाट निरीक्षणको समयावधि, बैंक वा वित्तीय संस्थाको कूल कर्जा बक्यौता रकम, ठुलो रकमका कर्जा, भुक्तानी अवधि/तालिका, सुरक्षण, क्षेत्र, किसिम, कर्जा फाइल संख्या, नयाँ कर्जा, नविकरण, पुनरसंरचना तथा पुनरतालिकीकरण गरिएका कर्जा समेतलाई आधार मानी कर्जा फाइल छनौट गरिएको हुनु पर्नेछ । यसरी निरीक्षणमा समेटिएको कारोवारको प्रतिशत निरीक्षण प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ ।

(३) छनौट गरिएका कर्जा फाइलभित्र एउटा व्यवसायिक समूहको कुनै एउटा कर्जा परेमा सो समुहसँग सम्बन्धित सम्पूर्ण कर्जा तथा सुविधा/कारोवारको अवस्था यकिन हुने गरी निरीक्षण गर्नु पर्नेछ ।

(४) समष्टिगत स्थलगत निरीक्षण कार्य गर्दा कर्जा समीक्षा फारम तयार गरी उक्त फारामलाई निरीक्षण कागजातको रूपमा सुरक्षित राख्नु पर्नेछ ।

१९. **सञ्चालक समिति तथा व्यवस्थापनसँग छलफल** : (१) निरीक्षण अवधिमा सम्बन्धित बैंक वा वित्तीय संस्थाको कामकारवाही, रणनैतिक योजना, संस्थागत सुशासन, सञ्चालक समितिको निगरानी, जोखिम व्यवस्थापन, निरीक्षणका क्रममा देखिएका कैफियतहरू वा प्रारम्भिक मस्यौदा उपर सञ्चालक समिति एवम् व्यवस्थापनसँग निरीक्षण टोलीले छलफल गर्नु पर्नेछ ।

(२) निरीक्षण टोलीले ऐन, प्रचलिन कानून, नियमन, आदेश तथा निर्देशन बमोजिन गठन गरिएका एवम् सञ्चालक समितिले गठन गरेका उपसमितिहरुसँग तिनको कार्यादेश, सम्बन्धित बैंक वा वित्तीय संस्थाको कामकारवाही, संस्थागत सुशासन, जोखिम व्यवस्थापन लगायतका विषयहरु उपर छलफल गर्न सक्नेछ ।

२०. **बैंक वा वित्तीय संस्थाको रेटिङ्ग गर्नुपर्ने** : (१) निरीक्षण टोलीले आफूले समष्टिगत स्थलगत निरीक्षण गरेको बैंक वा वित्तीय संस्थाको देहाय बमोजिमका रेटिङ्ग गरी स्तर निर्धारण गर्नु पर्नेछ ।

**(क)** **जोखिम विवरण (रिस्क प्रोफाईल) तयार गर्नुपर्ने**: बैंक वा वित्तीय संस्थाहरुको जोखिममा आधारित सुपरिवेक्षण विधि अनुरुप गरिने समष्टिगत स्थलगत निरीक्षण पश्चात म्यानुअल अनुरुपको सम्बन्धित संस्थाको जोखिम विवरण (रिस्क प्रोफाईल) तयार गर्नुपर्नेछ ।

**(ख)** **क्यामेल्स (सी ए एम इ एल एस) रेटिङ्ग गर्नुपर्ने**: बैंक वा वित्तीय संस्थाको पुँजीकोषको पर्याप्तता (सी), सम्पत्तिको गुणस्तर (ए), व्यवस्थापन (एम), प्रतिफल (इ), तरलता (एल) तथा बजार जोखिम (एस) को संवेदनशीलतालाई प्रमुख आधार बनाई रेटिङ्ग गर्नु पर्नेछ ।

**♣तर, लघुवित्त वित्तीय संस्थाको हकमा भने सम्बन्धित निरीक्षण कार्यविधिमा उल्लेख भए बमोजिम मूल्याङ्कन गर्न सकिनेछ ।**

(२) रेटिङ्ग गर्दा प्रयोग गरिने परिमाणात्मक र गुणात्मक परिसूचक स्थलगत निरीक्षण कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) निरीक्षण गरिएको बैंक वा वित्तीय संस्थाको रेटिङ्ग प्रतिवेदन कार्यान्वयनको क्रममा आन्तरिक प्रयोजनको लागि मात्र प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद - ५

## गैर-स्थलगत सुपरिवेक्षण सम्बन्धी व्यवस्था

२१. **गैर-स्थलगत सुपरिवेक्षण** : (१) बैंक वा वित्तीय संस्थाको गैर-स्थलगत सुपरिवेक्षण कार्य विभागको वार्षिक कार्ययोजना अनुसार तथा विभागले तोके बमोजिम हुनेछ ।

(२) उप-विनियम (१) बमोजिमको कार्य गर्दा गैर-स्थलगत सुपरिवेक्षण कार्यविधि र समय समयमा विभागले तोके बमोजिम गर्नु पर्नेछ ।

२२. **गैर-स्थलगत सुपरिवेक्षणको उद्देश्य र कार्य** : (१) गैर-स्थलगत सुपरिवेक्षणको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) बैंक वा वित्तीय संस्थाको वित्तीय अवस्था सम्बन्धमा नियमित जानकारी लिने,

---

♣ प्रथम संशोधनद्वारा संशोधित

(ख) बैंक वा वित्तीय संस्थाको निरन्तर वित्तीय विश्लेषण गरी संभाव्य जोखिम तथा समस्याको पहिचान गर्ने तथा पूर्व संकेत प्रणालीको अनुगमन गर्ने ।

(ग) स्थलगत निरीक्षणको गुणस्तरलाई सहयोग एवम् सुदृढ गर्ने, र

(घ) बैंक वा वित्तीय संस्थाबाट प्राप्त वित्तीय विवरण एवम् अन्य कागजातको आधारमा ऐन, प्रचलित कानून, नियमन, आदेश तथा निर्देशनको पालना भए नभएको यकिन गर्ने ।

(२) उप-विनियम (१) बमोजिमको उद्देश्य प्राप्त गर्न गैर-स्थलगत सुपरिवेक्षण इकाईले देहाय बमोजिमका त्रैमासिक गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदन तयार गर्नेछः-

(क) वित्तीय विश्लेषण ।

(ख) ऐन, प्रचलिन कानून, नियमन, आदेश तथा निर्देशन पालनाको अनुगमन ।

(३) उप-विनियम (२) को खण्ड (क) बमोजिम वित्तीय विश्लेषण गर्दा गैर-स्थलगत सुपरिवेक्षण इकाईले मूलतः देहायका विषय समेट्नु पर्नेछ :-

(क) पुँजी पर्याप्तता,

(ख) पुँजीकोष तथा न्यूनतम पुँजीको स्थिति,

(ग) विभिन्न प्रकारका जोखिमको अवस्था,

(घ) बजार संवेदनशीलता,

(ङ) कर्जा वर्गीकरण, क्षेत्रगत कर्जा तथा कर्जा नोक्सानी व्यवस्था,

(च) वर्गीकृत कर्जा, कर्जा नोक्सानी व्यवस्था र सुरक्षण अनुसारको कर्जा,

(छ) बैंक वा वित्तीय संस्थाको कुल सम्पत्ति, आकार र बृद्धि,

(ज) आम्दानीको अवस्था,

(झ) तरलता र निक्षेपको अवस्था,

(ञ) तरलता र प्रतिफलको स्थिति,

(ट) निक्षेप संरचना, एकाग्रता र बृद्धि,

(ठ) कर्जा संरचना, एकाग्रता र बृद्धि,

(ड) व्याजदरको स्थिति, प्रवृत्ति र स्तर,

(ढ) गैर-बैंकिङ्ग सम्पत्तिको स्थिति र बृद्धि,

(ण) विदेशी विनिमयसँग सम्बन्धित कारोवार,

(त) पूर्व चेतावनी सङ्केत (अर्लि वार्निङ्ग सिग्नल), र

(थ) विभागले तोकेका अन्य विषयहरु ।

(४) गैर-स्थलगत सुपरिवेक्षण इकाईले उप-विनियम (२) को खण्ड (ख) बमोजिम ऐन, प्रचलित कानून, नियमन, आदेश तथा निर्देशन पालनाको स्थितिको प्रतिवेदन तयार गर्दा बैंक वा वित्तीय संस्था सम्बन्धी कम्तिमा देहायका विषयहरु उल्लेख गर्नु पर्नेछ ।

(क) पूँजीकोष, कर्जा वर्गीकरण एवम् कर्जा नोक्सानी व्यवस्था, एकल ग्राहक वा आपसी सम्बन्ध भएका ग्राहक, प्रयोजन अनुसार प्रवाह गरिएका कर्जा तथा क्षेत्रगत कर्जा सीमा आदिको पालना,

(ख) ♣अनिवार्य नगद मौज्दात, कर्जामा निक्षेप तथा प्राथमिक पुँजीको अनुपात, वैधानिक तरलता अनुपात, विपन्नवर्ग कर्जा, रियल स्टेट कर्जा, **तोकिएका** क्षेत्रमा प्रवाहित कर्जा सम्बन्धी निर्देशन आदिको पालना,

(ग) व्याजदर प्रकाशन, आधार व्याजदरको गणना, व्याजदर अन्तर र वित्तीय विवरण प्रकाशन सम्बन्धी निर्देशन आदिको पालना, र

(घ) राष्ट्र बैंकबाट समय-समयमा जारी गरिएका नियमन, आदेश तथा निर्देशन आदिको पालना ।

२३. **पूर्व चेतावनी सङ्केत (अर्लि वार्निङ्ग सिग्नल) :** (१) गैर-स्थलगत सुपरिवेक्षण इकाईले तोकिएको ढाँचामा पूर्व चेतावनी सङ्केतका लागि बैंक वा वित्तीय संस्थाबाट प्राप्त तथ्यांकहरुलाई नियमितरुपमा विश्लेषण तथा अनुगमन गर्नु पर्नेछ ।

(२) गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदनमा उल्लिखित वित्तीय स्थिति, निर्देशन पालनाको स्थिति तथा अग्रदृष्टि विश्लेषण र विभागले तयार गर्ने जोखिम विवरण (रिस्क प्रोफाईल) लाई समेत पूर्व चेतावनी सङ्केत (अर्लि वार्निङ्ग सिग्नल) को रूपमा लिनु पर्नेछ ।

(३) पूर्व चेतावनी सङ्केत (अर्लि वार्निङ्ग सिग्नल) ले कुनै बैंक वा वित्तीय संस्थाको वित्तीय अवस्था कमजोर रहेको वा ऐन, प्रचलित कानून, नियमन, आदेश तथा निर्देशनको पालना नभएको अवस्था देखाएमा विभागले त्यस्तो बैंक वा वित्तीय संस्था उपर आवश्यक कारवाहीको प्रक्रिया प्रारम्भ गर्न सक्नेछ ।

२४. **बैंक वा वित्तीय संस्थाको वित्तीय विवरण प्रकाशन :** (१) ♣राष्ट्र बैंकले आवश्यकता अनुसार बैंक वा वित्तीय संस्थाको वार्षिक साधारणसभा हुनु अघि वित्तीय विवरणहरू प्रकाशनको लागि **सहमति** लिनुपर्ने व्यवस्था गर्नेछ ।

(२) बैंक वा वित्तीय संस्थाले वार्षिक साधारणसभा गर्नु अघि लेखापरीक्षण सम्पन्न भएको वासलात, नाफा/नोक्सान हिसाव तथा अन्य वित्तीय विवरण लगायत राष्ट्र बैंकबाट माग गरिएका कागजातहरू राष्ट्र बैंकमा प्राप्त भएपछि उक्त विवरणहरूको अध्ययन एवम् विश्लेषण गरी प्रत्येक बैंक वा वित्तीय संस्थाको गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(३) उप-विनियम (२) बमोजिम बैंक वा वित्तीय संस्थाको गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदन तयार गर्दा लेखापरीक्षकले सम्बन्धित बैंक वा वित्तीय संस्थाको व्यवस्थापन समक्ष पेश गरेको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन तथा सो प्रतिवेदन उपर बैंक वा वित्तीय संस्थाको व्यवस्थापनको प्रत्यूत्तर, लङ्गफर्म अडिट रिपोर्ट तथा अन्तिम लेखापरीक्षण प्रतिवेदन, पछिल्लो समष्टिगत स्थलगत निरीक्षण प्रतिवेदन तथा आवश्यकतानुसार लक्षित, विशेष र अनुगमन निरीक्षण प्रतिवेदन समेतलाई आधार वनाउनु पर्नेछ ।

---

♣ प्रथम संशोधनद्वारा संशोधित

(४) उप-विनियम (२) बमोजिमको गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदनमा कम्तिमा पनि देहायका विषय वस्तु समावेश हुनु पर्नेछ :-

(क) वित्तीय परिसूचकहरु,

(ख) ऐन, प्रचलित कानून, नियमन, आदेश तथा निर्देशनको पालना स्थिति,

(ग) गैर-स्थलगत सुपरिवेक्षणको क्रममा देखिएका कैफियतहरु,

(घ) लेखापरीक्षकले औंल्याएका कैफियतहरु,

(ङ) प्रस्तावित निर्देशनहरु, र

(च) विभागले तोकेको तथा आवश्यक ठानेको अन्य विवरणहरु ।

(५) उपविनियम (२) बमोजिम तयार गरिएको गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदन उपविनियम (३) मा उल्लिखित विवरणहरु प्राप्त भएको मितिले दश दिन भित्र विभागीय प्रमुख समक्ष पेश गर्नु पर्नेछ । उक्त प्रतिवेदन स्वीकृत गर्ने अख्तियारी अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछ ।

२४क. [1]**आइ वि एस सम्बन्धी व्यवस्थाः गैरस्थलगत सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी बनाउन प्रत्येक बैंक वा वित्तीय संस्थाका लागि अधिकृत स्तरको कम्तीमा एक जना कर्मचारीलाई आइ बि एसको जिम्मेवारी दिन सकिनेछ । आइबिएसको काम, कर्तब्य र अधिकार स्वीकृत आइबिएस मार्गदर्शन (IBS Guidelines) बमोजिम हुनेछ ।**

## परिच्छेद - ६

## निरीक्षण तथा सुपरिवेक्षण प्रतिवेदन सम्बन्धी व्यवस्था

२५. **प्रतिवेदनको ढाँचा :** (१) समष्टिगत स्थलगत निरीक्षण प्रतिवेदनको ढाँचा स्थलगत निरीक्षण कार्यविधि (अन साइट म्यानुअल) मा उल्लेख भए बमोजिम तथा गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदनको ढाँचा गैर-स्थलगत सुपरिवेक्षण कार्यविधि (अफ साइट म्यानुअल) वा आवश्यकता अनुसार समय समयमा विभागले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) सामान्यतया समष्टिगत स्थलगत निरीक्षण प्रतिवेदनमा देहायका विषय वस्तु समावेश गरेको हुनु पर्नेछ :-

(क) पुँजी योजना तथा पुँजीकोष पर्याप्तता,

(ख) कर्जा वर्गीकरण, सम्पत्तिको गुणस्तर तथा कर्जा जोखिम व्यवस्थापन,

(ग) व्यवस्थापन समीक्षा,

(घ) आम्दानीको अवस्था,

(ङ) तरलता व्यवस्थापन तथा निक्षेप एकाग्रता,

(च) बजार संवेदनशीलता,

(छ) समग्र जोखिम व्यवस्थापन,

[1] प्रथम संशोधनद्वारा थप गरिएको

(ज) निरीक्षणबाट देखिएका कमी कमजोरी र कैफियतहरु,

(झ) बैंक वा वित्तीय संस्थालाई दिने सुझाव तथा निर्देशनहरु,

(ञ) जोखिम विवरण (रिस्क प्रोफाइल) तथा क्यामेल्स रेटिङ्ग,

(ट) विभागले तोकेको तथा आवश्यक ठानेको अन्य विवरणहरु र

(ठ) निरीक्षणको निष्कर्ष ।

(३) उप-विनियम (२) मा उल्लिखित विषयवस्तु समावेश भएको प्रतिवेदन तयार गर्दा स्थलगत निरीक्षण कार्यविधि (अन साइट म्यानुअल) मा उल्लेख गरिएका वा विभागले समय समयमा तोके बमोजिमका फारामहरु भर्नु पर्नेछ ।

(४) लक्षित, विशेष र अनुगमन निरीक्षण प्रतिवेदनको ढांचा निरीक्षणको उद्देश्य तथा विभागीय प्रमुखको निर्देशनमा आवश्यकतानुसार देहायका विषयवस्तु समावेश गरी तयार गर्नु पर्नेछ :-

(क) निरीक्षणको उद्देश्य तथा क्षेत्र,

(ख) निरीक्षण अवधि,

(ग) निरीक्षणको क्रममा देखिएका प्रमुख कैफियतहरु,

(घ) बैंक वा वित्तीय संस्थालाई दिइने सुझाव/निर्देशन,

(ङ) निरीक्षणको निष्कर्ष, र

(च) विभागले तोकेको तथा आवश्यक ठानेको अन्य विवरणहरु ।

२६. **प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने :** (१) सबै प्रकारका स्थलगत निरीक्षण कार्य सम्पादन गरेपछि निरीक्षण टोलीले स्थलगत निरीक्षण प्रतिवेदन तयार गर्नु पर्नेछ । त्यस्तो प्रतिवेदन आवश्यकतानुसार अंग्रेजी भाषामा समेत तयार गर्न सकिनेछ ।

(२) समष्टिगत स्थलगत निरीक्षण प्रतिवेदनः (क) सम्बन्धित बैंक वा वित्तीय संस्थाको निरीक्षणको क्रममा निरीक्षकहरुले देखेका विषयवस्तु एवम् कैफियतहरुलाई समेटेर प्रारम्भिक निरीक्षण प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(ख) निरीक्षणको अन्तिम दिनमा निरीक्षण टोलीले प्रारम्भिक निरीक्षण प्रतिवेदन व्यवस्थापनका पदाधिकारीहरुको रोहवरमा सम्बन्धित बैंक वा वित्तीय संस्थाको तोकिएको सम्पर्क अधिकृतलाई हस्तान्तरण गर्नुपर्नेछ ।

(ग) बैंक वा वित्तीय संस्थाले दश कार्यदिन भित्र प्रारम्भिक निरीक्षण प्रतिवेदन उपर प्रतिक्रिया उपलब्ध गराउनु पर्नेछ ।

(घ) निरीक्षण टोलीले औंल्याएका विषयवस्तु एवम् कैफियत उपर सम्बन्धित बैंक वा वित्तीय संस्थाको व्यवस्थापनले चित्तबुझ्दो जवाफ दिएमा टोलीले सम्बन्धित निर्देशकसँग छलफल गरी प्रारम्भिक प्रतिवेदनमा आवश्यक संशोधन वा परिमार्जन गर्न सक्नेछ । प्रारम्भिक निरीक्षण प्रतिवेदनमा औंल्याएका विषयवस्तु एवम् कैफियत तथा बैंक वा वित्तीय संस्थाको प्रतिक्रियालाई समेटेर तयार गरिएको मस्यौदा प्रतिवेदन निरीक्षण

टोलीले सम्बन्धित बैंक वा वित्तीय संस्थाबाट प्रतिक्रिया प्राप्त भएको एक्काइस कार्यदिन भित्र सम्बन्धित निर्देशक समक्ष पेश गर्नुपर्नेछ ।

(ङ) टोलीबाट प्राप्त मस्यौदा प्रतिवेदनको अध्ययन पश्चात् सम्बन्धित निर्देशकले आवश्यक देखेमा निरीक्षण टोली समेतको सहभागितामा सम्बन्धित बैंक वा वित्तीय संस्थाका कर्मचारी, व्यवस्थापन वा सञ्चालक समितिसँग छलफल गर्न सक्नेछ । तर, गम्भीर विषयहरु उपरको छलफल भने विभागीय प्रमुखको रोहबरमा गर्नु पर्नेछ ।

(च) निरीक्षण प्रतिवेदनमा सम्बन्धित बैंक वा वित्तीय संस्थालाई निर्देशन दिनुपर्ने भए सो समेत खुलाई पेश गर्नु पर्नेछ ।

(छ) अन्तिम रूप दिइएको समष्टिगत स्थलगत निरीक्षण प्रतिवेदन विभागीय प्रमुखले गभर्नर समक्ष पेश गर्नु पर्नेछ ।

(ज) गभर्नरबाट बैंक र राष्ट्रिय स्तरका "ख" र "ग" वर्गका वित्तीय संस्था बाहेकका अन्य वित्तीय संस्थाको समष्टिगत स्थलगत निरीक्षण प्रतिवेदन उपर निर्णय गरी सो सम्बन्धमा चाल्नु पर्ने कदमका बारेमा आवश्यक निर्देशन दिएपछि प्रतिवेदन सम्बन्धित इजाजतपत्रप्राप्त संस्थामा कार्यान्वयनको लागि पठाउन योग्य भएको मानिनेछ । तर, बैंक र राष्ट्रिय स्तरका "ख" र "ग" वर्गका वित्तीय संस्थाको समष्टिगत स्थलगत निरीक्षण प्रतिवेदनको हकमा समितिले प्रतिवेदन उपर निर्णय गरी सो सम्बन्धमा चाल्नुपर्ने कदमका बारेमा आवश्यक निर्देशन दिएपछि मात्र प्रतिवेदन सम्बन्धित इजाजतपत्रप्राप्त संस्थामा कार्यान्वयनको लागि पठाउन योग्य भएको मानिनेछ ।

(३) <u>लक्षित निरीक्षण प्रतिवेदन</u>: (क) सम्बन्धित बैंक वा वित्तीय संस्थाको निरीक्षणको क्रममा देखिएका विषयवस्तु एवम् कैफियतहरुको सम्बन्धमा निरीक्षणको अन्तिम दिनमा व्यवस्थापनका पदाधिकारीहरुसँग छलफल गर्नु पर्नेछ । निरीक्षण टोलीले देखिएका विषयवस्तु एवम् कैफियतहरु तथा व्यवस्थापनसँगको छलफलका आधारमा निरीक्षणको मस्यौदा प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(ख) उक्त मस्यौदा प्रतिवेदन निरीक्षण टोलीले राष्ट्र बैंकमा हाजिर भएको मितिबाट पन्ध्र कार्य दिन भित्र सम्बन्धित निर्देशक समक्ष पेश गर्नु पर्नेछ ।

(ग) टोलीबाट प्राप्त मस्यौदा प्रतिवेदनको अध्ययन पश्चात् सम्बन्धित निर्देशकले आवश्यक देखेमा निरीक्षण टोली समेतको सहभागितामा सम्बन्धित बैंक वा वित्तीय संस्थाका कर्मचारी, व्यवस्थापन वा सञ्चालक समितिसँग छलफल गर्न सक्नेछ । तर, गम्भीर विषयहरु उपरको छलफल भने विभागीय प्रमुखको रोहबरमा गर्नु पर्नेछ ।

(घ) निरीक्षण प्रतिवेदनमा सम्बन्धित बैंक वा वित्तीय संस्थालाई निर्देशन दिनुपर्ने भए सो समेत खुलाई पेश गर्नु पर्नेछ ।

(ङ) अन्तिम रूप दिइएको लक्षित निरीक्षण प्रतिवेदन विभागीय प्रमुखले गभर्नर समक्ष पेश गर्नु पर्नेछ ।

(च) गभर्नरबाट बैंक र राष्ट्रिय स्तरका "ख" र "ग" वर्गका वित्तीय संस्था बाहेकका अन्य वित्तीय संस्थाको लक्षित निरीक्षण प्रतिवेदन उपर निर्णय गरी सो सम्बन्धमा चाल्नु पर्ने कदमका बारेमा आवश्यक निर्देशन दिएपछि प्रतिवेदन सम्बन्धित इजाजतपत्रप्राप्त

संस्थामा कार्यान्वयनको लागि पठाउन योग्य भएको मानिनेछ । तर, बैंक र राष्ट्रिय स्तरका “ख” र “ग” वर्गका वित्तीय संस्थाको लक्षित निरीक्षण प्रतिवेदनको हकमा समितिले प्रतिवेदन उपर निर्णय गरी सो सम्बन्धमा चाल्नुपर्ने कदमका बारेमा आवश्यक निर्देशन दिएपछि मात्र प्रतिवेदन सम्बन्धित इजाजतपत्रप्राप्त संस्थामा कार्यान्वयनको लागि पठाउन योग्य भएको मानिनेछ ।

(४) विशेष तथा अनुगमन निरीक्षण प्रतिवेदन निरीक्षण टोली विभागमा हाजिर भएको मितिबाट पन्ध्र कार्य दिन भित्र सम्बन्धित निर्देशक मार्फत विभागीय प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(५) गैर-स्थलगत सुपरिवेक्षण इकाईले प्रत्येक त्रयमासको समष्टिगत (कन्सोलिडेटेड) गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदन त्रयमास समाप्त भएको दुई महिनाभित्र तयार गरी विभागीय प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(६) विशेष निरीक्षण प्रतिवेदन, अनुगमन निरीक्षण प्रतिवेदन तथा गैर-स्थलगत निरीक्षण प्रतिवेदन विभागीय प्रमुखले अनुसूचीमा उल्लिखित अख्तियारी बमोजिम डेपुटी गभर्नर तथा गभर्नर समक्ष पेश गर्नु पर्नेछ ।

(७) उप विनियम (२), (३), (४) र (५) बमोजिम तयार भई पेश हुन आएको समष्टिगत स्थलगत निरीक्षण, लक्षित निरीक्षण, विशेष निरीक्षण, अनुगमन निरीक्षण तथा गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदनलाई डेपुटी गभर्नरले प्रतिवेदनमा उल्लेखित विषयवस्तुको गम्भीरताका आधारमा गभर्नर समक्ष पेश गर्नुपूर्व नीति निर्देशन कार्यान्वयन समितिमा छलफलको लागि पेश गर्न सक्नेछ ।

**(८)[1]सुपरिवेक्षण सूचना प्रणालीमा रहेको अनसाइट मोड्युलको पूर्ण कार्यान्वयन भएपश्चात बैंक वा वित्तीय संस्थाको सबै किसिमको स्थलगत निरीक्षणको कार्य सोही मोड्युलको प्रकृया बमोजिम हुनेछ ।**

२७. **प्रतिवेदन चलान** : (१) समष्टिगत स्थलगत निरीक्षण प्रतिवेदन/लक्षित निरीक्षण प्रतिवेदन आवश्यक निर्देशन सहित निरीक्षण समाप्त भएको तीन महिना भित्र सञ्चालक समिति/गभर्नरबाट स्वीकृत गराई सम्बन्धित बैंक वा वित्तीय संस्थामा कार्यान्वयनको लागि पठाउनु पर्नेछ ।

(२) समष्टिगत स्थलगत निरीक्षण प्रतिवेदन/लक्षित निरीक्षण प्रतिवेदन विभागीय प्रमुखद्वारा हस्ताक्षर गरिएको पत्रसाथ सम्प्रेषण गर्नु पर्नेछ ।

(३) उप-विनियम (२) बमोजिमको प्रतिवेदनमा निरीक्षण टोलीका सदस्यहरुले हस्ताक्षर गरेको हुनु पर्नेछ ।

(४) गैर-स्थलगत सुपरिवेक्षण, विशेष तथा अनुगमन निरीक्षण प्रतिवेदन सम्बन्धित बैंक वा वित्तीय संस्थामा सम्प्रेषण गर्नु अनिवार्य हुने छैन ।

तर, उक्त प्रतिवेदनको आधारमा बैंक वा वित्तीय संस्थामा कैफियत देखिएमा सम्बन्धित बैंक वा वित्तीय संस्थालाई आवश्यक निर्देशन दिन सकिनेछ ।

(५) सम्बन्धित बैंक वा वित्तीय संस्थामा पठाइएको प्रतिवेदन तथा निर्देशनको जानकारी बैंक तथा वित्तीय संस्था नियमन विभागलाई आवश्यकता अनुसार दिन सकिनेछ ।

---

[1] प्रथम संशोधनद्वारा थप गरिएको

२८. **<u>प्रतिवेदन अभिलेख</u> :** (१) सम्बन्धित बैंक वा वित्तीय संस्थामा प्रतिवेदन सम्प्रेषण गरिसकेपछि सवै प्रकारका प्रतिवेदनको अभिलेख प्रतिवेदन कार्यान्वयन इकाई र आन्तरिक प्रशासन इकाईमा राख्नु पर्नेछ ।

(२) सम्बन्धित बैंक वा वित्तीय संस्थामा प्रतिवेदन सम्प्रेषण गरिसकेपछि उक्त प्रतिवेदनको विद्युतीय प्रति नीति योजना तथा विश्लेषण इकाईमा अभिलेखका लागि राख्नु पर्नेछ ।

(३) प्रतिवेदन कार्यान्वयन इकाईले प्रतिवेदनसँग सम्बन्धित निरीक्षण कागजातहरु कम्तीमा पाँच वर्ष सम्म सुरक्षित रूपमा अभिलेख गरी राख्नु पर्नेछ ।

(४) विशेष प्रयोजनको लागि विभागका अन्य इकाई वा कर्मचारीलाई प्रतिवेदन आवश्यक भएमा अभिलेख जनाई प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ । तर, राष्ट्र बैंकका अन्य विभाग तथा राष्ट्र बैंक वाहिरका निकायबाट प्रतिवेदन माग भई आएमा विभागीय प्रमुखको स्वीकृति लिई प्रतिवेदनको प्रतिलिपि वा सारांश उपलब्ध गराउन सकिने छ ।

(५) प्रतिवेदन कार्यान्वयनको क्रममा विभागले सम्बन्धित बैंक वा वित्तीय संस्थाबाट प्राप्त गरेका थप कागजात समेत अभिलेख गरी राख्नु पर्नेछ ।

## परिच्छेद - ७

## <u>प्रतिवेदन कार्यान्वयन सम्बन्धी व्यवस्था</u>

२९. **<u>निरीक्षण प्रतिवेदन कार्यान्वयन</u> :** (१) सबै प्रकारका निरीक्षण तथा सुपरिवेक्षण प्रतिवेदनको कार्यान्वयन भए/नभएको अनुगमन गर्ने कार्य प्रतिवेदन कार्यान्वयन इकाईले गर्नेछ ।

(२) उप-विनियम (१) बमोजिम अनुगमन गर्दा प्रतिवेदन कार्यान्वयन इकाईले सम्बन्धित बैंक वा वित्तीय संस्थासँग माग गरेका नीति, कार्ययोजना तथा अन्य कागजातहरु पर्याप्त भए/नभएको अध्ययन एवम् विश्लेषण समेत गर्नु पर्नेछ ।

(३) *प्रतिवेदन कार्यान्वयन इकाईले आफ्नो कार्य सम्पादनको क्रममा आवश्यकता अनुसार निरीक्षण टोली र गैर-स्थलगत सुपरिवेक्षण इकाई **तथा आइबिएसको** समेत सहयोग लिन सक्नेछ ।

**(४)[Y]प्रतिवेदन कार्यान्वयन इकाईले कैफियत सुधारको सम्बन्धमा सम्बन्धित संस्थाबाट प्राप्त प्रत्युत्तर तथा प्रमाणित कागजातहरूको आधारमा निर्देशनहरू कार्यान्वय भए/नभएको यकिन गरी विभागीय प्रमुखको स्वीकृतिमा थप निर्देशन दिन सक्नेछ ।**

३०. **ऐन, प्रचलित कानून, नियमन, आदेश तथा निर्देशन पालना नगर्ने बैंक वा वित्तीय संस्था उपर कारवाही :**

(१) समष्टिगत स्थलगत, लक्षित, विशेष, अनुगमन निरीक्षण प्रतिवेदन तथा गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदनमा प्रचलित बैंक तथा वित्तीय संस्थासँग सम्बन्धित कानून, राष्ट्र बैंकले जारी गरेका नियमन, आदेश तथा निर्देशन पालना नगरेको उल्लेख भएमा प्रतिवेदन कार्यान्वयन इकाईले सम्बन्धित बैंक वा वित्तीय संस्था उपर आवश्यक कारवाहीको प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ ।

---

* प्रथम संशोधनद्वारा संशोधित

[Y] प्रथम संशोधनद्वारा थप गरिएको

(२) ऐन, प्रचलित कानून, नियमन, आदेश तथा निर्देशनको अवज्ञा भएको अवस्थामा निर्देशनमा उल्लिखित अवधिभित्र सम्बन्धित बैंक वा वित्तीय संस्थाबाट निर्देशन कार्यान्वयन भए/नभएको अनुगमन प्रतिवेदन कार्यान्वयन इकाईले गर्नु पर्नेछ ।

(३) तोकिएको अवधिभित्र सम्बन्धित बैंक वा वित्तीय संस्थाबाट प्राप्त प्रत्युत्तरलाई प्रतिवेदन कार्यान्वयन इकाईले प्रतिवेदनमा उल्लिखित कैफियत, सो सम्बन्धमा राष्ट्र बैंकले दिएको निर्देशन उपर सम्बन्धित वाणिज्य बैक वा वित्तीय संस्थाले दिएको प्रत्यूत्तर सहितको तालिका बनाई सम्बन्धित निर्देशक मार्फत विभागीय प्रमुख समक्ष पेश गर्नु पर्नेछ । प्रत्येक बैंक वा वित्तीय संस्थाको लागि त्यस्तो तालिका छुट्टाछुट्टै तयार गर्नु पर्नेछ ।

(४) ऐन, प्रचलित कानून, नियमन, आदेश तथा निर्देशनको पालना नगरेमा वा तोकिएको अवधिभित्र माग गरेका नीति, कार्ययोजना, वित्तीय विवरण एवम् अन्य कागजात पेश नगर्ने बैंक वा वित्तीय संस्थालाई विभागले स्पष्टीकरण माग गर्नु पर्नेछ ।

(५) उप-विनियम (४) बमोजिम माग गरिएको स्पष्टिकरण चित्तबुझ्दो नभएमा सम्बन्धित बैंक वा वित्तीय संस्था र/वा सोका पदाधिकारीलाई विनियम ३५ बमोजिम सजाय गर्न सकिने छ ।

३१. **कारवाही सम्बन्धी प्रक्रिया** : (१) कुनै पनि बैंक वा वित्तीय संस्थाले ऐन, प्रचलित कानून, नियमन, आदेश तथा निर्देशनको पालना नगरेमा त्यस्ता बैंक वा वित्तीय संस्थालाई गभर्नरले उप-विनियम (३) को कार्यविधि पुरा गरी आवश्यक कारवाही गर्न सक्नेछ ।

(२) उप-विनियम (१) बमोजिम सजाय गर्दा सम्बन्धित बैंक वा वित्तीय संस्थाले पालना नगरेको कानूनी प्रावधान, सो सम्बन्धमा माग गरिएको स्पष्टीकरण तथा विभागीय राय सहितको अलग्गै फाइल खडा गर्नु पर्नेछ । साथै, यसरी गरिने कारवाहीको विवरण (लग सिट) तयार गरी प्रतिवेदन कार्यान्वयन इकाईले राख्नु पर्नेछ ।

(३) विभाग/नीति निर्देशन कार्यान्वयन समितिको सिफारिशको आधारमा गभर्नरले सम्बन्धित बैंक वा वित्तीय संस्थालाई कारवाही गर्न सक्नेछ ।

३२. **नीति निर्देशन कार्यान्वयन समिति** : (१) निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी महत्वपूर्ण विषयहरुमा छलफल गरी सिफारिश गर्न देहायका सदस्यहरू रहने गरी एउटा नीति निर्देशन कार्यान्वयन समिति रहनेछ :-

(क) सम्बन्धित डेपुटी गभर्नर - अध्यक्ष,
(ख) अर्को डेपुटी गभर्नर - सदस्य
(ग) विभागीय प्रमुख, बैंक तथा वित्तीय संस्था नियमन विभाग - सदस्य
(घ) सम्बन्धित विभागीय प्रमुख - सदस्य,
(ङ) प्रमुख, कानून महाशाखा - सदस्य,
(च) सम्बन्धित विभागको वरिष्ठतम् निर्देशक - सदस्य सचिव,

(२) नीति निर्देशन कार्यान्वयन समितिले आवश्यकता अनुसार विशेषज्ञ वा पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

३३. **नीति निर्देशन समितिको बैठकमा पेश गर्ने प्रस्ताव** : नीति निर्देशन समितिको बैठकमा पेश गर्ने प्रस्तावहरु देहाय बमोजिम हुनेछन् :-

(क) बैंक वा वित्तीय संस्था वा ती संस्थाका पदाधिकारीहरुलाई ऐन बमोजिम गरिने कारवाही सम्बन्धी,

(ख) बैंक वा वित्तीय संस्थाका पदाधिकारीहरुलाई हटाउने सम्बन्धी,

(ग) बैंक वा वित्तीय संस्था वा त्यस्तो संस्थाका पदाधिकारीहरुलाई स्पष्टिकरण माग गर्ने, कारवाहीको सिफारिश गर्ने वा निलम्बनमा राख्ने सम्बन्धी,

(घ) ♣बैंक वा वित्तीय संस्थालाई समस्याग्रस्त घोषणा/**फुकुवा** गर्ने सम्बन्धी,

(ङ) विभागीय प्रमुखले नीति निर्देशन समितिमा पेश गर्न आवश्यक ठानी सिफारिस गरेका विषयहरु, र

(च) डेपुटी गभर्नरले नीति निर्देशन समितिमा छलफल गर्न आवश्यक ठानेका विषयहरु ।

**३४. <u>नीति निर्देशन कार्यान्वयन समितिको काम, कर्तव्य तथा अधिकार</u> :** नीति निर्देशन कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) बैंक वा वित्तीय संस्थाको समष्टिगत स्थलगत, लक्षित, विशेष, अनुगमन निरीक्षण प्रतिवेदन तथा गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदनमा गम्भीर कैफियत देखिएमा त्यस्ता बैंक वा वित्तीय संस्थालाई विभागीय प्रस्ताव अनुसार गरिने जरिवाना तथा सजायको उपयुक्तता एवम् पर्याप्तता उपर छलफल गरी निर्क्यौल गर्ने,

(ख) बैंक वा वित्तीय संस्थालाई जरिवाना वा सजाय गर्नु अघि विभागले आवश्यक सम्पूर्ण प्रक्रिया एवम् कार्यविधि पूरा गरे नगरेको यकिन गर्ने,

(ग) आफ्नो राय ठहरसहित सम्बन्धित बैंक वा वित्तीय संस्थालाई ऐन बमोजिम गरिने कारवाही गर्न गभर्नर समक्ष सिफारिश गर्ने, र

(घ) बैंक वा वित्तीय संस्था नियमन एवम् सुपरिवेक्षण सम्बन्धमा आइपर्ने विविध विषयहरू उपर छलफल गरी आवश्यक सुधारको निमित्त सिफारिश गर्ने ।

**३५. <u>कानुन तथा नियमन उल्लङ्घन गरेमा हुने सजाय</u> :** (१) इजाजतपत्रप्राप्त बैंक वा वित्तीय संस्था वा सोका पदाधिकारीले प्रचलित कानून वा राष्ट्र बैंकबाट जारी गरिएको नियमन, निर्देशन वा परिपत्रको उल्लङ्घन गरेमा त्यस्तो बैंक वा वित्तीय संस्थालाई वा सोका पदाधिकारीलाई ऐनको दफा १००, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९९ र १०० बमोजिम एक वा एकभन्दा बढी सजाय हुन सक्नेछ ।

**३६. <u>आर्थिक जरिवाना र सजायको कार्यविधि</u> :** (१) ऐनको दफा १०० बमोजिम सजाय वा आर्थिक जरिवाना गर्दा ऐनको दफा १०१ बमोजिमको कार्यविधि अवलम्वन गर्नु पर्नेछ ।

(२) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९९ र १०० बमोजिम सजाय वा आर्थिक जरिवाना गर्दा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १०१ बमोजिमको कार्यविधि अवलम्वन गर्नु पर्नेछ ।

**३७. <u>बैंक वा वित्तीय संस्था उपर नियन्त्रण तथा कारवाही</u> :** कुनै बैंक वा वित्तीय संस्थाले ऐन, प्रचलित कानून, नियमन, आदेश तथा निर्देशनको उल्लङ्घन गरेको कारणबाट वा निरीक्षण वा सुपरिवेक्षण

---

♣ प्रथम संशोधनद्वारा संशोधित

प्रतिवेदनबाट बैंक वा वित्तीय संस्थाले आफूले पूरा गर्नुपर्ने दायित्व पूरा गर्न नसकेको वा नसक्ने सम्भावना भएको वा सन्तोषजनक रुपले सञ्चालन नभएको वा शेयरधनी वा निक्षेपकर्ताको अहित हुने कार्य गरेको कुरामा विश्वस्त भई पटक-पटक दिइएका निर्देशन समेत पालना नगरी सुधारोन्मुख नभएको अवस्थामा त्यस्तो बैंक वा वित्तीय संस्था उपर गरिने नियन्त्रण तथा कारवाही प्रक्रिया र चालिने कदम ऐन बमोजिम हुनेछ ।

३८. **प्रतिवेदन कार्यान्वयनको स्थिति सूचित गर्नुपर्ने** : (१) *प्रतिवेदन कार्यान्वयन इकाईले बैंक वा वित्तीय संस्थाहरूको **निरीक्षण प्रतिवेदनहरूको कार्यान्वयन सम्बन्धमा** अर्धवार्षिक रूपमा प्रतिवेदन तयार गरी **विभागीय प्रमुखबाट स्वीकृत गराउनु** पर्नेछ ।

(२) उप-विनियम (१) बमोजिमको प्रतिवेदनमा देहाय बमोजिमका विषयहरु उल्लेख गर्नु पर्नेछ :-

(क) परिचय : शेयर स्वामित्व, संचालक समिति सम्बन्धी विवरण,

(ख) प्रमुख वित्तीय परिसुचकहरु : पुँजी, कुल कर्जा बक्यौता रकम, निष्कृय कर्जा अनुपात, कुल निक्षेप, निक्षेप/तरलता अनुपात,

(ग) स्थलगत निरीक्षण : समष्टिगत स्थलगत निरीक्षण/लक्षित निरीक्षण/विशेष निरीक्षण प्रतिवेदन मार्फत दिईएका निर्देशनहरुको कार्यान्वयन अवस्था,

(घ) *गैर-स्थलगत सुपरिवेक्षण : वित्तीय विवरणहरू प्रकाशनको लागि **सहमति** प्रदान गर्दा दिइएका निर्देशनहरूको कार्यान्वयन स्थिति,

(ङ) अन्य प्रावधानहरुको कार्यान्वयनको अवस्था : अनिवार्य नगद मौज्दात अनुपात, बैधानिक तरलता अनुपात, निर्देशित कर्जा (विपन्न वर्ग) सम्बन्धमा, कर्जा तथा एकल ग्राहक सीमा, व्यवस्थापन नियन्त्रण तथा शिघ्र सुधारात्मक कारवाही लगायतका कारवाही, जरिवाना तथा हर्जाना सम्बन्धी विवरण

(च) विभागले आवश्यक ठानेको अन्य विवरणहरु, र

(छ) निष्कर्ष ।

(३) उप-विनियम (१) बमोजिमको प्रतिवेदन विभागीय प्रमुखले आवश्यकता अनुसार डेपुटी गभर्नर तथा गभर्नर समक्ष पेश गर्न सक्नेछ ।

## परिच्छेद - ८

## नीति, योजना तथा विश्लेषण सम्बन्धी व्यवस्था

३९. **नीति तथा योजनाको अनुगमन** : (१) विभागले निरीक्षण तथा सुपरिवेक्षणसँग सम्बन्धित कार्ययोजना तथा नीतिको नियमित समीक्षा एवम् अनुगमन गर्नेछ ।

(२) उप-विनियम (१) बमोजिमको कार्य नीति, योजना तथा विश्लेषण इकाईले गर्नेछ ।

* प्रथम संशोधनद्धारा संशोधित

(३) नीति एवम् योजनाको अनुगमन एवम् समीक्षा गर्दा इकाईले अन्तर्राष्ट्रिय सुपरिवेक्षण संस्थाहरूको प्रचलन एवम् अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यासलाई समेत आधार वनाउन सक्नेछ ।

(४) उप- विनियम (१) बमोजिम गरिएको समीक्षा प्रतिवेदन वार्षिक रूपमा विभागीय प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

**४०. <u>बाह्य क्षेत्रसँग समन्वय, सम्बन्ध तथा अन्तरक्रिया</u> :** (१) विभागले निरीक्षण तथा सुपरिवेक्षणसँग सम्बन्धित वाह्य क्षेत्रसँग सम्पर्क, समन्वय, सहकार्य, अन्तरक्रिया, गोष्ठी, सेमिनार एवम् कार्यशाला जस्ता कार्यक्रम नीति योजना तथा विश्लेषण इकाई मार्फत सञ्चालन गर्न सक्नेछ ।

(२) उप-विनियम (१) बमोजिमको कार्यक्रम देहाय बमोजिमका व्यक्ति वा संगठित संस्थाको संलग्नतामा हुन सक्नेछ :-

(क) बैंक वा वित्तीय संस्थाका सञ्चालक समितिका सदस्य एवम् कार्यकारी प्रमुख ।

(ख) बैंक वा वित्तीय संस्थाका आन्तरिक लेखापरीक्षक/जोखिम अधिकृत/अनुपालना अधिकृत/विभागीय प्रमुख/शाखा प्रवन्धक ।

(ग) बैंक वा वित्तीय संस्थाका वाह्य लेखापरीक्षक एवम् लेखापरीक्षणमा संलग्न पेशागत संगठित संस्था ।

(घ) वित्तीय जानकारी इकाई ।

(ङ) धितोपत्र वोर्ड, बीमा समिति जस्ता वित्तीय वजारका अन्य नियमनकारी निकाय ।

(च) सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग ।

(छ) विभागले आवश्यक देखेका अन्य पक्ष वा संगठित संस्था ।

(३) उप-विनियम (१) बमोजिम गोष्ठी, सेमिनार, कार्यशाला एवम् अन्तरक्रिया कार्यक्रम आयोजना गर्दा नीति, योजना तथा विश्लेषण इकाईले कार्यक्रमको अवधारणा तथा सम्पादित कामको विवरण विभागीय प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

**४१. <u>वार्षिक प्रतिवेदन प्रकाशन गर्नुपर्ने</u> :** (१) विभागले सार्वजनिक जानकारीको लागि निरीक्षण तथा सुपरिवेक्षण गरेका बैंक वा वित्तीय संस्थाको निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन प्रकाशन गर्नेछ ।

(२) उप-विनियम (१) बमोजिमको प्रतिवेदन नीति योजना तथा विश्लेषण इकाईले प्रत्येक आर्थिक वर्ष समाप्त भएको नौ महिनाभित्र तयार गरी सक्नु पर्नेछ ।

(३) वार्षिक प्रतिवेदनमा अन्य कुराका अतिरिक्त बैंकिङ्ग क्षेत्रको वर्तमान अवस्था, निरीक्षण तथा सुपरिवेक्षणका विषय तथा वित्तीय क्षेत्रको स्थिति जस्तैः- निक्षेप, तरलता, कर्जा, व्याजदर, प्रतिफल, पुँजीकोष आदि विषय समावेश हुनु पर्नेछ ।

(४) विभागले तयार गरेको वार्षिक प्रतिवेदन गभर्नरबाट स्वीकृत भएपछि राष्ट्र बैंकको वेबसाइट मार्फत प्रकाशन गर्नु पर्नेछ ।

४२. **अन्तर्राष्ट्रिय सुपरिवेक्षण संस्थासँग सम्पर्क :** (१) निरीक्षण तथा सुपरिवेक्षण गर्न तोकिएका विभागहरूले समन्वयात्मक रूपमा अन्तर्राष्ट्रिय सुपरिवेक्षण संस्थासँग निरन्तर सम्पर्कमा रही यस सम्बन्धमा विकसित नीति, कार्य प्रकृया एवम् मापदण्ड बारे जानकारी हासिल गर्न सक्नेछन् ।

(२) अन्तर्राष्ट्रिय सुपरिवेक्षण संस्थासँग सम्पर्क राख्ने तथा आवश्यक प्रक्रिया पुऱ्याई सुपरिवेक्षकीय सूचना आदान प्रदान गर्ने कार्य नीति योजना तथा विश्लेषण इकाईले गर्नेछ ।

(३) अन्तर्राष्ट्रिय सुपरिवेक्षकीय संस्थाहरूबाट प्राप्त सूचनालाई व्यवस्थित गरी विभागलाई नियमित रूपमा सूचित गराउने कार्य समेत नीति योजना तथा विश्लेषण इकाईले गर्नु पर्नेछ ।

(४) विभागले गभर्नरको स्वीकृति लिई अन्तर्राष्ट्रिय सुपरिवेक्षकीय संस्थाहरुसँग आपसी सीमापार सुपरिवेक्षण, सूचना आदान प्रदान तथा होम होष्ट सुपरिवेक्षकका बीच समन्वय कायम गर्ने सम्बन्धमा समझदारीपत्रमा हस्ताक्षर गरी आवश्यक कार्य गर्न सक्नेछ ।

(५) विभागले गभर्नरको स्वीकृति लिई सीमापार सुपरिवेक्षण प्रयोजनको निमित्त अन्तर्राष्ट्रिय सुपरिवेक्षकीय संस्थाहरुले आयोजना गर्ने सुपरिवेक्षकीय कलेजमा सहभागिता जनाउने तथा त्यस्ता कलेजको आफैले आयोजना समेत गर्न सक्नेछ ।

## परिच्छेद - ९

## विविध

४३. **मार्गदर्शनको रूपमा अवलम्वन गर्न सकिने :** राष्ट्र बैंकले आफ्नो निरीक्षण तथा सुपरिवेक्षण कार्यलाई अन्तर्राष्ट्रिय स्तरको मापदण्ड अनुरूप बनाउन बैंक फर इन्टरनेशनल सेटलमेण्ट्सको वासेल कमिटी अन बैकिङ्ग सुपरभिजनले प्रतिपादन गरेका निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी सिद्धान्त लगायत अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यासलाई मार्गदर्शक सिद्धान्तको रूपमा अवलम्वन गर्न सक्नेछ ।

४४. **अख्तियारी सम्बन्धमा :** निरीक्षण तथा सुपरिवेक्षणसँग सम्बन्धित विषयहरुमा आवश्यक निर्णय गर्ने तथा प्रस्तावहरु स्वीकृत गर्ने अख्तियारी अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछ ।

४५. **सुपरिवेक्षकीय कारवाहीहरु सार्वजनिक गर्नुपर्ने :** विभागले बैंक वा वित्तीय संस्था उपर गरेका सुपरिवेक्षकीय कारवाहीहरूको संवेदनशीलतालाई विचार गरी सर्वसाधारणको जानकारीको लागि राष्ट्र बैंकको वेबसाइट लगायत अन्य माध्यमहरुबाट सार्वजनिक गर्नु पर्नेछ ।

४६. **गुनासो गर्न सकिने :** (१) निरीक्षण वा सुपरिवेक्षणको सिलसिलामा त्यस्तो निरीक्षण वा सुपरिवेक्षण गर्ने पदाधिकारीले डर, धाक देखाउने, धम्की दिने, प्रतिशोधको भावनाले कार्य गरी सम्बन्धित बैंक वा वित्तीय संस्था वा सोका पदाधिकारीलाई कुनै हानी नोक्सानी पुऱ्याएमा वा पुऱ्याउन खोजेमा प्रमाण सहित त्यस्तो कार्य विरुद्ध गभर्नर समक्ष गुनासो पेश गर्न सकिनेछ ।

(२) उपविनियम (१) बमोजिम कुनै गुनासो पर्न आएमा गभर्नरले सो उपर छानवीन गर्न लगाई राष्ट्र बैंकको कर्मचारी सेवा विनियमावली बमोजिम आवश्यक कारवाही गर्नेछ ।

(३) उपविनियम (१) बमोजिम गभर्नर समक्ष पेश गरिएको गुनासो उपविनियम (२) बमोजिम छानवीन गर्दा झुट्ठा ठहरिन गएमा प्रचलित कानुन बमोजिम सम्बन्धित गुनासोकर्तालाई आवश्यक कारवाही हुनेछ ।

४७. **सुपरिवेक्षकले निर्देशन दिन सक्ने :** सुपरिवेक्षक/निरीक्षकले बैंक वा वित्तीय संस्थाको जोखिमको स्तर अनुसार ऐन, प्रचलित कानून, नियमन, आदेश तथा निर्देशन लगायत अन्तर्राष्ट्रिय प्रचलन, अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यास तथा वासेल मूल सिद्धान्तका आधारमा समेत सम्बन्धित बैंक वा वित्तीय संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ ।

४८. **खारेजी र बचाउ :** (१) नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७० खारेज गरिएको छ ।

(२) उप-विनियम (१) बमोजिम खारेज गरिएको विनियमावली बमोजिम भए गरेका सम्पूर्ण काम कारवाही यसै विनियमावली बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची
## विनियमावलीको विनियम ४४ सँग सम्बन्धित
## इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी प्रतिवेदन वा टिप्पणी स्वीकृत गर्ने अख्तियारी

| सि.नं. | विषय शिर्षक | स्वीकृत गर्ने अख्तियारी |
|---|---|---|
| १ | ♣**बैंक तथा राष्ट्रियस्तरको "ख" र "ग" वर्गको वित्तीय संस्थाको समष्टिगत स्थलगत निरीक्षण प्रतिवेदन तथा लक्षित निरीक्षण प्रतिवेदन** | संचालक समिति |
| २ | ♣**बैंक तथा राष्ट्रियस्तरको "ख" र "ग" वर्गको वित्तीय संस्था बाहेकका अन्य वित्तीय संस्थाको समष्टिगत स्थलगत निरीक्षण प्रतिवेदन तथा लक्षित निरीक्षण प्रतिवेदन** | गभर्नर |
| **२क** | ※**सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी गतिविधिमा वित्तीय लगानी निवारण सम्बन्धी विषयको स्थलगत निरीक्षण प्रतिवेदन** | **गभर्नर** |
| ३ | ♣विशेष तथा अनुगमन निरीक्षण प्रतिवेदन<br>**क) विशेष निरीक्षण प्रतिवेदन**<br>**ख) अनुगमन निरीक्षण प्रतिवेदन** | <br>**गभर्नर**<br>**कार्यकारी निर्देशक** |
| ४ | प्रतिवेदन कार्यान्वयन इकाईले तयार गरेको अर्धवार्षिक प्रतिवेदन | कार्यकारी निर्देशक |
| ५ | ♣गैर-स्थलगत **सुपरिवेक्षण** इकाईले तयार गरेको त्रैमासिक प्रतिवेदन | गभर्नर |
| ६ | ♣**वार्षिक वित्तीय विवरण प्रकाशन गर्ने सहमति** | |
| | क) नगद लाभांश तथा बोनस शेयर वितरण गर्न माग भएको प्रस्ताव | गभर्नर |
| | ख) नगद लाभांश तथा बोनस शेयर वितरण गर्न माग नभएको प्रस्ताव | डेपुटी गभर्नर |
| ७ | ♣अनिवार्य नगद मौज्दात, वैधानिक तरलता अनुपात, **कर्जा निक्षेप अनुपात** पर्याप्त नभएमा लाग्ने जरिवाना | कार्यकारी निर्देशक |
| ८ | ♣विपन्न वर्ग कर्जा तथा **तोकिएका क्षेत्रमा प्रवाह गर्नुपर्ने कर्जा** पर्याप्त नभएमा लाग्ने हर्जाना | कार्यकारी निर्देशक |
| ९ | पुँजी पर्याप्तता विश्लेषण सम्बन्धी मासिक प्रतिवेदन (शीघ्र सुधारात्मक कारवाही गर्नु नपर्ने) | कार्यकारी निर्देशक |
| १० | **पुँजी पर्याप्तता विश्लेषण सम्बन्धी मासिक प्रतिवेदन (शीघ्र सुधारात्मक कारवाही गर्नुपर्ने)** | |

♣ प्रथम संशोधनद्वारा संशोधित

※ प्रथम संशोधनद्वारा थप गरिएको

| | | |
|---|---|---|
| | क) राष्ट्र बैंकले तोकेको न्युनतम पुंजीकोष अनुपातभन्दा बैंक वा वित्तीय संस्थाले कायम गरेको पुँजीकोष पच्चीस प्रतिशत सम्मले कम भएमा | कार्यकारी निर्देशक |
| | ख) राष्ट्र बैंकले तोकेको न्युनतम पुंजीकोष अनुपातभन्दा बैंक वा वित्तीय संस्थाले कायम गरेको पुँजीकोष पच्चीस प्रतिशतभन्दा बढी पचहत्तर प्रतिशत सम्मले कम भएमा | गभर्नर |
| | ग) राष्ट्र बैंकले तोकेको न्युनतम पुंजीकोष अनुपातभन्दा बैंक वा वित्तीय संस्थाले कायम गरेको पुँजीकोष पचहत्तर प्रतिशत भन्दा बढीले कम भएमा | संचालक समिति |
| ११ | बैंक तथा वित्तीय संस्थालाई समस्याग्रस्त घोषणा गर्ने कारवाही | संचालक समिति |
| १२ | सुपरिवेक्षण विभागहरुको वार्षिक प्रतिवेदन | गभर्नर |
| १३ | नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा १०० को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) को कारवाही | गभर्नर |
| १४ | नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा १०० को उपदफा (१) को खण्ड (च) र (ज) को कारवाही | संचालक समिति |
| १५ | नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा १०० को उपदफा (१) को खण्ड (छ) बमोजिम बैंक वा वित्तीय संस्थाको कारोवारमा आंशिक प्रतिबन्ध लगाउने कारवाही | गभर्नर |
| १६ | नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा १०० को उपदफा (१) को खण्ड (छ) बमोजिम बैंक वा वित्तीय संस्थाको कारोवारमा पूर्ण प्रतिबन्ध लगाउने कारवाही | संचालक समिति |
| १७ | नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा १०० को उपदफा (२) को खण्ड (क) र (ख) को कारवाही | गभर्नर |
| १८ | नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा १०० को उपदफा (२) को खण्ड (ग), (घ) र (ङ) को कारवाही | संचालक समिति |
| १९ | आवश्यकता अनुसार विभागले सम्पादन गरेका अन्य निरीक्षण प्रतिवेदनहरुको कार्यान्वयन | कार्यकारी निर्देशक |
| २० | निरीक्षण तथा सुपरिवेक्षणका क्रममा देखिएका कैफियत सुधार गर्न दिईएका निर्देशनहरुको अनुगमन गर्ने शिलसिलामा थप निर्देशन दिने | कार्यकारी निर्देशक |